म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६८ शुक्रबार १९ असोज २०८० ने. सं. ११४३ ञलगा 6 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट ६० हजारको अवैध सामान बरामद

हेटौंडा, १८ असोज/भन्सार छलेर ल्याएको अवैध चकलेट, जुत्तालगायतका सामान जिल्ला प्रहरी कार्यालय मकवानपुरले बुधवार राति बरामद गरेको छ ।

प्रहरीले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे चेकपोष्टबाट ६० हजार ६ सय रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको हो । प्रहरीले बुधबार राती ११ बजेर ५० मिनेटको समयमा सर्लाहीबाट काठमाडौं जानको लागि हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ७०९९ नम्बरको बसमा जाँच गर्दा बसमा लुकाएर ल्इयाएको अवैध सामान बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । बसबाट प्रहरीले ४० प्याकेट चकलेट र ३५ जोर जुत्ता फेला पारेको हो । अवैध सामान नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाइएको जनाएको छ ।

## बागमतीमा पाँच वर्षसम्म बनेन शीत भण्डार, बनेका पनि प्रयोगविहीन

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ बगमती प्रदेशका जिल्लाहरुमा विगत पाँच वर्षदेखि निर्माण सुरु गरिएको शितभण्डार अझै पूरा भएका छैनन् ।



आर्थिक वर्ष २०७५/७६ बाट प्रदेश सरकारले बनाउन सुरु गरेको शितभण्डार कति अधुरै, कति बनेर पनि प्रयोगविहीन अवस्थाबाट गुज्रिएका छन् । निर्माण भइसकेका शितभण्डार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुन बाँकी हुँदा सञ्चालनमा आउन नसकेको हो । प्रदेशको तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हालको कृषि तथा पशुपन्छी विकास मन्त्रालय)ले प्रदेशका १३ वटै जिल्लामा व्यावसायिक कृषकलाई लक्षित गरी शीत भण्डार निर्माणको काम सुरु गरेको थियो ।

निर्माण भएकामध्ये एउटा मात्रै शितभण्डार सञ्चालनमा आएको हो । हालसम्म रसुवाको धैबुङ गाउँपालिकाको भण्डार मात्र सञ्चालनमा रहेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले ९७ करोड ८३ लाख ६३ हजार रुपैयाँ लागतमा प्रदेशमा १० भण्डार निर्माण सुरु गरेको थियो । गत आर्थिक वर्ष २०७९/०८० मा मात्र मन्त्रालयले ६३ करोड ९८ लाख २५ हजार रुपैयाँ निर्माण कम्पनीलाई भुक्तान गरिसकेको छ । मन्त्रालयले स्थानीय सहकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा शीत भण्डार निर्माण अघि बढाएको थियो ।

प्रदेश सरकार स्थापना भएसँगै पहिलो बजेटमै यो कार्यक्रम समावेश गरेर २०७५ सालमा भण्डार निर्माणका लागि डीपीआर तयार पारेर ठेक्का आह्वान गरिएको थियो । ठेक्का आह्वान गरेको करिब ६ महिनापछि प्रदेश सरकारले भण्डार निर्माणको शिलान्यास गरेको थियो । प्रदेश सरकारले अधिकांश भण्डारको निर्माणका लागि दुई वर्षको समयसीमा दिएर ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार १० भण्डार २०७८ सालमै सम्पन्न भई हस्तान्तरण भइसक्नुपर्ने हो । तर, ती भण्डारको भौतिक संरचनाको निर्माणको काम अझै बाँकी रहेको पाइएको छ ।

प्रदेश सरकारले सहकारी निजी सहकार्यमा कुल लागतको निश्चित प्रतिशत रकम व्यहोर्ने गरी भण्डार निर्माणको सम्झौता गरेको हो । मन्त्रालय र साझेदार संस्थाको सहकार्यमा निश्चित रकम साझेदार संस्थाले व्यहोर्ने गरी संयुक्त लगानीमा भण्डार निर्माण सुरु गरिएको मन्त्रालयका प्रवक्ता सुजन कँडेलले बताए ।

रसुवाको धैबुङ गाउँपालिका-५, दोलखाको जिरी नगरपालिका-५, सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७ र इन्द्रावती गाउँपालिका-७, रामेछापको मन्थली नगरपालिका-१, सिन्धुलीको सुनकोसी गाउँपालिका-५, दोलखाको भीमेश्वर-८, काभ्रेको बनेपा नगर पालिका-७, चितवनको खैरहनी नगरपालिका-६, धादिङको बेनीघाट रोराङ गाउँपालिका-७, नुवाकोटको विदुर नगरपालिका-५ र बेलकोटगढी नगरपालिका-१० मा भण्डार निर्माण सुरु गरेको थियो ।

कतिपय शीत भण्डार निर्माण योजना पूरा भए पनि स्थानीय सरकारलाई हस्तान्तरण हुन सकेका छैनन् । धैबुङ गाउँपालिकाको भण्डार निर्माणका लागि मन्त्रालय र सानाकिसान कृषि सहकारी संस्थासँगको साझेदारीमा तीन सय टन क्षमताको भण्डार ३ करोड ७० लाख ३५ हजार रुपैयाँ लागतमा बनेको हो । यसैगरी, जिरी नगर पालिका, लिसंखुपाखर गाउँपालिका, मन्थली नगरपालिका, सुनकोसी गाउँपालिकामा गत वर्ष नै निर्माण पूरा भएका छन् ।


दोलखामा निर्माणाधीन भण्डार हाइटेन्सन लाइनको तल परेपछि र काभ्रेमा साझेदारी संस्थाले निर्माणस्थल उपलब्ध गराउन नसकेपछि निर्माण स्थगित गर्नु परेको मन्त्रालयकी अधिकृत कामना न्यौपानेले जानकारी दिइन् । चितवन र धादिङमा निर्माणाधीन भण्डार निर्माण पूरा भए पनि हालसम्म पनि टीओडी मिटर जडान हुन नसक्दा अलपत्र अवस्थामा रहेका छन् । नुवाकोटमा निर्माणाधीन दुई भण्डारको भने हालसम्म भौतिक प्रगति ६० प्रतिशतमात्रै रहेको मन्त्रालयले जानकारी दिएको छ ।

## लगानी बोर्डको अध्ययन

## चन्द्रागिरी-पालुङ-चितवन एक्सप्रेस-वे सम्भव, लागत २ खर्ब २१ अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ सडकमार्ग हुँदै काठमाडौंबाट चितवन पुग्न करिब ५ घण्टा लाग्छ । सडक करिब १ सय ४० किलोमिटर लामो हो। लगानी बोर्डले चितवन जाने समय कम गर्न वैकल्पिक सडक प्रस्ताव गरेको छ ।



लगानी बोर्डको अध्ययनले चन्द्रागिरी-चित्लाङ-पालुङ हुँदै चितवन एक घण्टाभन्दा कम समयमै जाने सडक बनाउन सम्भव रहेको देखाएको छ । एक्सप्रेस वेका नाममा निर्माणका लागि प्रस्ताव गरिएको यो सडक अहिलेको भन्दा करिब ४५ किलोमिटर छोटो हो । ९७ किलोमिटर लामो एक्सप्रेस वे निर्माण भए चितवन ५७ मिनेटमै पुगिनेछ । तर, सडक निर्माणमा भने निकै खर्च हुने देखिएको छ । लगानी बोर्डले गरेको अध्ययनले यो सडक बनाउन २ खर्ब २१ अर्ब १२ करोड रुपैयाँ लाग्ने देखाएको छ ।

बोर्डको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार एक्सप्रेस वे निर्माणका लागि प्रतिकिलोमिटर २ अर्ब २९ करोड १३ लाख रुपैयाँ खर्चनुपर्छ । निर्माण गरिए यो नेपालमा अहिलेसम्मकै महँगो सडक हुनेछ । सरकारले आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत चन्द्रागिरी-चितवन एक्सप्रेस वे निर्माण गर्ने घोषणा गरेको थियो । त्यतिबेला अर्थमन्त्री जनार्दन शर्मा थिए । उनले बजेटमार्फत एक घण्टामै चितवन पुग्ने गरी एक्सप्रेस वे निर्माण गरिने बताएका थिए । अर्थमन्त्री शर्मा भए पनि यो घोषणा भने राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. विश्व पौडेलको चाहनामा गरिएको थियो ।

पौडेलले त्यतिखेर चितवनलाई आधार बनाएर राजनीति गर्न चाहेकाले यो कार्यक्रम राख्न लगाएका हुन् । नभन्दै पौडेलले २०७९ मंसिरमा भएको निर्वाचनमा योजना आयोगको उपाध्यक्षबाट राजीनामा दिएर चितवन-१ बाट प्रतिस्पर्धा गरे तर, पराजित भए । बजेटमा समावेश गरिएका कारण लगानी बोर्डले पूर्वसम्भाव्यता अध्ययन गरेको हो । अध्ययनले लागत महँगो भएपनि चन्द्रागिरी-चितवन एक्सप्रेस वे निर्माण सम्भव रहेको देखाएको छ । नेपालमा अहिलेसम्म एक्सप्रेस वे निर्माण गरिएको छैन । सरकारले विभिन्न राजमार्गलाई एक्सप्रेस वे बनाउने भनेपनि कार्यान्वयन गरिएको छैन ।

नेपाली सेनाले काठमाडौं-तराई फास्ट ट्र्याक निर्माण गरिरहेको छ । करिब ७१ किलोमिटर लामो फास्ट ट्र्याक निर्माणमा २ खर्ब ११ अर्ब रुपैयाँ लाग्ने अनुमान छ । लगानी बोर्डको अध्ययन अनुसार एक्सप्रेस वेमा २९ दशमलव ८ किलोमिटर सुरुङ मार्ग निर्माण गर्नुपर्नेछ । तर, सुरुङ मार्ग कतिवटा बनाउनुपर्छ भन्ने यकिन भएको छैन । बोर्डले विस्तृत अध्ययनपछि मात्रै निर्माण गर्नुपर्ने सुरुङ मार्गको संख्या टुंगो लाग्ने बताएको छ ।

यसबाहेक एक्सप्रेस वेमा विभिन्न प्रकृतिका पुल निर्माण गर्नुपर्नेछ । अध्ययन अनुसार पुलको लम्बाइ करिव १० किलोमिटर हो । फास्ट ट्र्याकमा पनि झण्डै १० किलोमिटर पुल बनाउने भनिएको छ । त्यस्तै एक्सप्रेस वेमा साना र ठूला ५६ वटा कल्भर्ट बनाउनु पर्नेछ । चार लेनको एक्सप्रेस वेमा हरेक लेन ३ दशमलव ५ मिटरका हुनेछन् । प्रतिघण्टा ८० देखि १ सय २० किलोमिटरको गतिमा एक्सप्रेस वेको डिजाइन गर्नुपर्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । नेपालमा अहिलेसम्म यति धेरै गतिमा दौडाउन मिल्ने एउटै सडक छैन । निर्माणाधीन काठमाडौं-निजगढ फाष्ट ट्र्याकमा समेत यात्रा अवधि करिब एक घण्टाको हुने भनिएको छ ।

**२५ वर्षमा लगानी उठ्ने**

बजेटमा एक्सप्रेस वे सार्वजनिक निजी साझेदारीमा बनाउने बनाउने भनिएको थियो । बोर्डले सार्वजनिक निजी साझेदारीमा निर्माण गरिएको अवस्थामा लगानी उठाउन २५ वर्ष लाग्ने अनुमान गरेको छ । सञ्चालनमा आएको पहिलो वर्ष १२ अर्ब ५४ करोड रुपैयाँ आम्दानी गर्न सकिने बोर्डको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख छ । लगानी उठाउनका लागि हेभी ट्रक, मिडियम ट्रक, लाइट ट्रक, बस, मिनिबस, माइक्रोबस र कारका लागि छुट्टा छुट्टै शुल्क लगाउन प्रस्ताव गरिएको छ ।

दोस्रो वर्ष १३ अर्ब ८६ करोड, तेस्रो वर्ष १५ अर्ब ३० करोड, चौथो वर्ष १६ अर्ब ९१ करोड, पाँचौं वर्ष ११ अर्ब ३ करोड, छैटौं वर्ष २१ अर्ब ४२ करोड रुपैयाँ उठाउन सकिने बोर्डले जनाएको छ । २५ वर्षमा २ खर्ब ८७ अर्ब १५ करोड रुपैयाँ उठाउन सकिने बोर्डको अध्ययनको निष्कर्ष छ । एक्सप्रेस वे निर्माण गरिए यसबाट रोजगारीका अवसर सिर्जना हुने, कृषि उत्पादनले बजार पाउने, आर्थिक गतिविधि बढ्ने तथा सामाजिक रुपमा पनि निकै फाइदा पुग्ने छ ।

## नगस्वती भेन्ट्रान्स फुटबल:

## आयोजक र एनआरटी अन्तिम चारमा



साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ हेटौंडामा जारी दोस्रो नागस्वती भेट्रान्स फुटबल प्रतियोगितामा एनआरटी भेट्रान्स काठमाडौं अन्तिम चार (सेमिफाइनल)मा प्रवेश गरेको छ ।

बिहीबार हेटौंडा-१६ हटिया रंगशालामा भएको क्वाटर फाइनल खेलमा एनआरटी भेट्रान्स काठमाडौंले बगरभाइ क्लबलाई १-० गोलले पछि पार्दै सेमिफाइनल पुगेको हो । एनआरटी काठमाडौंको तर्फबाट दोस्रो हाफको ३२ औं मिनेटमा नरेन्द्र श्रेष्ठले १ गोल गरे । त्यस्तै बागरभाइको टिमले पेनाल्टी मार्फत् गोल गर्ने अवसर पाए पनि अवसर चुकेको कारणले क्वाटर फाइनल खेलबाट बहिरिनु परेको छ ।

खेलको म्यान अफ दी म्याच निर्णायक गोलकर्ता श्रेष्ठ बन्न सफल भए । प्रतियोगितामा आयोजक टिम नागस्वती भेट्रान्स (ए) सेमिफाइलमा प्रवेश गर्न सफल भएको छ । नागस्वती भेट्रान्स र अभिषेक चर्चको भिडन्तमा ट्राइबेकर मा १-२ गोलअन्तरले विजयी हुँदै अयोजकले अन्तिम चारको यात्रा तय गरेको हो । नागस्वती (बि) खेलाडीले पहिलो हाफ हुनु अघिनै खेलको २१ औं मिनेटमा खेलाडी सुविन घिमिरेले पहिलो १ गोल गरे । त्यस्तैगरी नागस्वती (ए)का अर्का खेलाडी प्रकाश रानाले दोश्रो हाफको ३३ औ मिनेटमा १ गोल गरे ।

खेलको ४७ औ मिनेटमा अभिषेक चर्चका खेलाडी सुरेशकुमार श्रेष्ठले १ गोल गरे । खेलको ५३ औ मिनेटमा अभिषेकले पेनाल्टी सुटआउटको मौका पायो । खेलाडी धनबहादुर महतले १ गोल गर्दै खेललाइ बराबरीमा पुऱ्याएपछि ट्राइब्रेकरमा पुगेको थियो । ट्राइब्रेकरको पेनाल्टी सुटआउटमा नागस्वतीले २ गोल र अभिषेकले १ गोल गरेका थिए । अभिषेकले आफूलाइ सेमिफाइनलमा पुऱ्याउन सकेन । नागस्वतीका गोलरक्षक दिलिप क्षेत्री खेलको म्यान अफ दी म्याच बन्न सफल भए ।

सेमिफाइनल खेलको विजेता टिमले फाइनलको यात्रा तय गर्नेछन् । प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता समूहले नगद २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगदसहित शिल्ड पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा फाइनल खेल असोज २० गते हुनेछ ।

## मनहरीमा वडाध्यक्ष कप सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-३ हाँडिखोला सिद्धकालीमा दोस्रो वडाध्यक्ष कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

सुरुवाती खेलमै आयोजक जनसिद्ध युवा क्लब विजयी भएको छ । उद्घाटन खेलमा जनसिद्ध 'ए' टिमले मोडर्न युवा क्लवलाई २-० गोल अन्तरले हराएको हो । जनसिद्धका लागि अभिषेक विक र समिन क्षेत्रीले गोल गरे । आयोजक टिमका क्षेत्री नै खेलको म्यान अफ द म्याच भए । यही असोज ३० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १६ वटा क्लवको सहभागिता रहेको छ । मनहरी गाउँपालिका ३ नम्बर वडा कार्यालयको सहयोगमा सञ्चालन भएको प्रतियोगिताको विजेताले एकलाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

नकआउट चरणमा खेलाइएको प्रतियोगितामा आयोजक सहित मोडर्न युवा क्लव, पदमपोखरी फुटबल एकेडेमी, जन आदर्श युवा क्लव, सूर्योदय युवा क्लव, कोशेली युथ क्लव, एफसी राप्ती चितवन, एफसी लामिटार, मनहरी २ खेलकुद विकास समिति, आरआर वाइसी पाल्दमार, मनहरी इसाइ समाज, बुद्ध एफसी च्यापल, मिलन युवा क्लव र परेली एफसीको सहभागिता रहेको छ ।

प्रतियोगिताको बिहीबार मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले उद्घाटन गरेका छन् । आयोजक जनसिद्ध युवा क्लवका अध्यक्ष ईमान लामाको अध्यक्षतामा भएको कार्यक्रममा ३ नम्बर वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, ९ नम्बर वडाअध्यक्ष राजकुमार श्रेष्ठ, १ नम्बर वडाअध्यक्ष शिवप्रसाद खनाल, मनहरी ३ नम्बर वडासदस्य हीराबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए । उद्घाटन समारोहमा 'ए' डिभिजन खेलाडी आशिष मोक्तान र ज्येष्ठ नागरिक पूर्णबहादुर स्याङ्तानलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

## आजदेखि जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ जिल्ला तेक्वान्दो कार्यसमिति मकवानपुरको आयोजनामा आज शुक्रबारबाट १६ औं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता सुरु हुँदैछ ।

पारिजातपथस्थित कबर्डहलमा दुई दिनसम्म चल्ने प्रतियोगितामा मकवानपुरका २२ वटा डोजाङका ३ सय १५ जना खेलाडीले सहभागिता जनाउने आयोजकले जानकारी दिएको छ । जिल्ला समिति अध्यक्ष लालकाजीरत्न बज्राचार्यले प्रतियोगिता नहुँदा जिल्लाका खेलाडीहरु निराश हुने भएकोले जुनियरदेखि सिनियर खेलाडीलाई लक्षित गरी प्रतियोगिता आयोजना गर्न लागेको बताए । प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको उनले बताए ।

पुरुष र महिला खेलाडीले विभिन्न विधागत ११ वटा तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन । दुईवटा रिङमा खेलाइने प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र उत्कृष्ट खेलाडीलाई मेडल प्रदान गरिने छ । प्रतियोगितामा १५ जना निर्णायक रहने छन् । प्रतियोगिताको लागि करिव २ लाख २० हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । आयोजकले खेलाडीको लागि निःशुल्क खाना र बासको पनि व्यवस्था गरेको छ । गतवर्ष भएको १५ औं मकवानपुर जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा हटिया डोजाङ प्रथम, मकवानपुर डोजाङ द्वितीय र सेकग्नाईज डोजाङ तृतीय भएको अध्यक्ष बज्राचार्यले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हाम्रा विद्यालय कति सुरक्षित ?

पछिल्लो समयमा विद्यालय शान्ति क्षेत्र मानिएको र सुरक्षित राख्नु पर्छ भन्ने अवधारणाको विकास हुँदै गएको छ । विद्यालय सुरक्षित भयो भने मात्र त्यहाँ पढ्ने बालबालिका, शिक्षक, विद्यालय कर्मचारी सुरक्षित रहन्छन् भन्ने मान्यताको विकास भएको छ । भयरहित शिक्षासँगै जोखिमरहितका बिषयमा पनि बहस भइरहेको छ । शैक्षिक क्षेत्रमा काम गरिरहेका सरकारी तथा गैरसरकारी संस्थाले सुरक्षित विद्यालयको अवधारणामा बहस गर्न थालेको बिषयलाई सकारात्मक मान्नु पर्छ । जीर्ण र पूरानो प्रबिधिका भवनहरु कुनै पनि समयमा भूईंचालो गएर ध्वस्त हुने सम्भावना छ । यसका लागि विद्यालय तथा समुदायले बेलैमा होस पुऱ्याउनुको बिकल्प छैन ।

बाढीपहिरोको जोखिम त हरेक बर्षातको समयमा छ नै । २०५० र २०५९ को जस्तो बाढीपहिरो फेरि नदोहोरिएला भन्ने ग्यारेन्टी छैन । पछिल्लो दसक चट्याङको जोखिम पनि मकवानपुरमा बढेकै छ । राष्ट्रिय निकुञ्जका आसपासमा भएका विद्यालयमा जंगली जनावरको जोखिम छँदैछ । हावाहुरीले जस्ता उडाएर पढाईमा बाधा पुगेका समाचारहरु हामीले धेरै पटक लेखेका छौं । तराइका विद्यालयमा जस्तो डुवान र तातो हावा चल्ने सम्भावना मकवानपुरका विद्यालयमा छैन । बाँकी जोखिम त हाम्र बालबालिका र शिक्षक अभिभावकले भोगिरहेका छन् । सैयौं बालबालिका अध्ययन गर्ने विद्यालय सुरक्षित बनाउन सकिएन भने भोलिका दिनमा सिङ्गै गाउँ शोकमा डुब्ने खतरा छ । त्यसैले आगामी दिनमा निर्माण गर्ने विद्यालयका भौतिक संरचनामा बालमैत्री रुपमा मात्र नहेरी जोखिमको दृष्ट्रिकोणबाट पनि हेरिनु पर्छ । प्राकृतिक तथा विविधखाले विपद्का क्रममा भौतिक संरचनामा हुने क्षतिले विद्यालय बढी प्रभावित हुनेछ । त्यस्तो क्षतिको जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले सचेतना र संरचनाको विकास गर्नका लागि सबैले सोच्ने समय आएको छ । ग्रामीण क्षेत्रमा बिस्तार गरिएका अबैज्ञानिक सडकको संरचनाले अहिले बाढी र पहिरोले धेरै ठूलो धनजनको क्षति भोग्नु परेको हामी सबैलाई थाहा छ । ग्रामीण सडक निर्माण गर्दा जोखिमको बिषयमा बहस भएको भए आज यो अवस्था आउने थिएन होला । यो बाहेक पनि हाम्रा बालबालिका सडक पार गरेर विद्यालय जानु पर्ने अवस्था छ । पूर्बपश्चिम राजमार्ग पार गर्ने मकवानपुरका करिव २ दर्जन विद्यालयका २५ हजार भन्दा बढी बालबालिका दैनिक रुपमा सवारी दुर्घट्नाको जोखिममा रहेका छन् ।

विद्यालयमा सडक पार गर्दा अपनाउनु पर्ने साबधानीका कुरा जति धेरै बताएको भएपनि बालबालिकाले कहिलेकाँही सडकमा आएको सवारीको अवस्था नहेरी दौडिरहेका हुन्छन् । हरेक बर्ष आधादर्जन भन्दा बढी बालबालिका सडक पार गर्ने क्रममा सवारी दुर्घट्नाको शिकार भएका छन् । उनीहरुको उमेर नै चञ्चले स्वभावका हुने भएकोले सडकमा हिड्दा दायाँबायाँ हेर्दैनन् । सुरक्षित विद्यालय कार्यक्रम लागू भएका विद्यालयको व्यवस्थापन समिति, स्थानीय अभिभावक र विद्यार्थीमा सामान्य चेतनाको स्तरमा परिबर्तन आएको छ । र, यो पर्याप्त होइन । कुनैपनि बिपद्मा कसरी सुरक्षित रहन सकिन्छ ? भन्ने विषयमा विद्यार्थी आफैं क्रियाशील छैनन् । विद्यालयका बालबालिकालाई विपद् जोखिम न्यूनीकरणका लागि सचेतना जगाउने, बालबालिकाको विपद्मा बच्ने उपायका बारेमा अभिमुखीकरण गराउने, पालिकास्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा, विद्यालयस्तरीय जोखिम व्यवस्थापन योजना तर्जुमाका लागि आवश्यक कार्यक्रम संचालन गर्ने बिषयमा सबैले पहल गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २० गते शनिबार ७ अक्टोबर २०२३ । अष्टमी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ५:४२ । जितिया पर्व

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ समाचार मिल्नेछ | तुला | : सभा-समारोहमा अवसर मिल्नेछ |
| वृष | : व्यापार लाभप्रद रहनेछ | वृश्चिक | : आत्मविश्वासमा कमी आउनेछ |
| मिथुन | : सन्तानको चिन्ता बढ्नेछ | धनु | : व्यापारमा हानि हुन सक्नेछ |
| कर्कट | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मकर | : समाजमा सराहना हुनेछ |
| सिंह | : रोकिएका काम सम्पादन हुनेछन् | कुम्भ | : मन प्रसन्न रहनेछ |
| कन्या | : पठन-पाठनमा प्रगति हुनेछ | मीन | : विरोधी परास्त हुनेछन् |

# विद्यालय शिक्षा हैन, संघीय शिक्षा विधेयकको खाँचो



खिमलाल देवकोटा




यतिवेला विद्यालय शिक्षा ऐन चर्चाको शिखरमा छ । लामो समयदेखि प्रतीक्षामा रहेको विधेयक संसदमा दर्ता हुनासाथ सडकमा आन्दोलनको आँधी नै आयो । शिक्षकहरूसँग सरकारले वार्तासँगै सम्झौता पनि गऱ्यो । अब उक्त विधेयक संसदको सम्पत्ति बनेको छ र त्यसलाई समृद्ध बनाउने र पारित गर्ने जिम्मेवारी संसदसँग छ । यो पृष्ठभूमिमा उक्त विधेयकका सकारात्मक-नकारात्मक पक्षबारे यहाँ चर्चा गरिनेछ ।

### सकारात्मक पक्ष

विधेयकमा उद्देश्य र कारण उल्लेख छ । परम्पराभन्दा अलि अघि बढेर संविधानको धारा ५६, ५७ र अनुसूची ८ र ९ भित्र समेटिएका व्यवस्था समेत उल्लेख गरिएको छ । त्यस्तै विधेयकमा आर्थिक टिप्पणी राखिएको छ, जसमा सरकारका व्ययभार पर्ने तर यति नै भन्न नसकिने कुरा उल्लेख गरिएको छ । यसमा उल्लिखित व्याख्यात्मक टिप्पणीमा हरेक दफाको के अर्थ हो, किन यो व्यवस्था गरिएको हो भन्ने कुरा कमसेकम यो ऐनमा उल्लेख गरिएको छ ।

प्रत्यायोजित व्यवस्थापनका बारेमा विस्तृत रूपमा विधेयकमा उल्लेख गरिनु अर्को सकारात्मक पक्ष हो । यो व्यवस्थाले के कुरा नियममा व्यवस्था हुने हो भन्ने बारेमा स्पष्ट गर्न कोसिस गरिएको छ । ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने नियम निर्देशिका बनाउन विषय नै किटान गरेर लामो सूची प्रस्तुत गरिएको छ । यो सूचीले ऐन कार्यान्वयन गर्न नियम र निर्देशिका बनाउने कुरामा द्विविधा हुनेछैन ।

ऐन कार्यान्वयन मापनका बारेमा समेत विधेयकमा व्यवस्था छ । ऐन बन्ने तर कार्यान्वयन भयो कि भएन भनेर नहेर्ने पुरानो प्रचलनलाई अन्त्य गर्दै ऐनको अडिट गर्ने प्रचलन थाल्न यस विधेयकले पहलकदमी लिएको छ । विधेयकमा संघ, प्रदेश र स्थानीय तहका अधिकारहरूको सूची नै तयार गरी व्यवस्था गर्न कोसिस गरेको छ ।

विधेयकमा संघ, प्रदेश र स्थानीय तह बीचमा आपसी समन्वय गर्ने संयन्त्रका रूपमा रहेको विभिन्न समितिमध्ये विषयगत समितिको आवश्यकता र औचित्यबोध गरी सोको उल्लेखन गरिएको छ । साथै, बेपत्ता, सेवाबाट बर्खास्त र पुनर्वहाली भएका शिक्षकहरूको सुविधाका बारेमा विधेयकमा पर्याप्त ध्यान पुगेको छ । यो लामो समयदेखि समाधान गर्न नसकिएको विषय थियो ।

यसअघिको सरकारले शिक्षकहरूसँग गरेका सम्झौताका विषयहरू समेत विधेयकमा समेटिएका छन् । यो विधेयक यसरी यही रूपमै पारित भयो भने उनीहरूका लागि न्याय हुनेछ । त्यस्तै, अवधारणा पत्रमा आधारित भएर विधेयकको मस्यौदा गरिनु अर्को सकारात्मक पक्ष हो ।

### नकारात्मक पक्ष

खासमा आउनुपर्ने थियो संघीय शिक्षा ऐन तर आयो विद्यालय शिक्षा ऐन । यो सबैभन्दा नकारात्मक पक्ष हो । संविधानले आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारमा राखेको छ । तर विद्यालय शिक्षाका नाममा संघीय सरकारले विधेयक प्रस्तुत गर्नु संघीयताको मर्म विपरीत बन्न पुग्यो । यो नै सर्वाधिक आलोचनाको विषय हो ।

संविधानले आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । माध्यमिक शिक्षा नि:शुल्क भन्ने घोषणा गरेको छ । तर यो विधेयकले त्यसलाई विल्कुल बेवास्ता मात्रै गर्दैन, बरु निजी विद्यालयलाई प्रोत्साहन हुने वैधानिक व्यवस्था समेत गरेको छ ।

सार्वजनिक र निजी दुईथरी शिक्षा नेपाली समाजको समस्या हो भन्ने कुरा धेरै अघिदेखि अत्यधिक भनिँदै आएको विषय थियो । यति हुँदाहुँदै पनि वैधानिक रूपमा नै निजी शिक्षालाई स्थान र प्रोत्साहन हुने गरी आएको विधेयकको यो व्यवस्था संविधानको मर्म विपरीत हुन पुगेको छ ।

संविधानले नचिनेको जिल्ला शिक्षा कार्यालय ब्युँताउने प्रस्ताव यो विधेयकले गरेको छ । यो संघीयतासँगै समग्र संविधानकै मर्म विपरीत हुनपुगेको छ । राष्ट्रिय पाठ्यक्रम परिषद् र परीक्षा बोर्डको गठनको कुरा पनि विधेयकमा गरिएको छ ।

शिक्षा विद्यालयस्तरको पाठ्यक्रम र परीक्षा बोर्ड चाहिं संघको बनाएर विद्यालय शिक्षालाई संघको विषय बनाउने प्रयत्न भएको छ । यो कुरा संघीयता र संविधानको मर्म विपरीत त छँदैछ ती संरचनाहरूमा स्थानीय तहको पनि प्रतिनिधित्व चाहिएला भन्नेसम्म पनि सोचेको पाइएन । यो पक्ष विधेयकको आलोचना र टिप्पणीको विषय हो ।

विद्यालय शिक्षा एकल अधिकारका रूपमा स्थानीय तहलाई संविधानले नै सुम्पेको छ । एकल अधिकारमा हस्तक्षेप गर्न नहुने कुरा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ ले स्पष्ट गरेको छ । साझा अधिकार का विषयमा कानुन बनाउँदा समन्वय र परामर्श अनिवार्य गरेको छ । यतिका संविधान र कानुनका व्यवस्थाका बावजुद पनि यस प्रकारले ती कानुनका व्यवस्थालाई बेवास्ता गर्दै आएको विधेयकले सिंगो संविधान, संघीयता र यसलाई व्यवस्थित गर्न बनेको अन्य कानुनहरूको समेत बेवास्ता गरेको छ भन्न सकिन्छ ।

### समीक्षाका सवाल

विद्यालय शिक्षा विधेयकका सकारात्मक-नकारात्मक पक्ष केलाएपछि केही सवालमा समीक्षा पनि आवश्यक देखिन्छ । यो विधेयक संविधान जारी भएलगत्तै आउन जरूरी थियो । असमयमा ल्याउँदा सबैले आ-आना ढंगले खेल्ने मौका पाए । खासगरी संघीयता विरोधीहरूले यसमा नराम्रोसँग खेले । यसैको परिणाम यो विधेयक यस रूपमा आएको हो भन्न सकिन्छ ।

संविधान जारी भएको आठ वर्षपछि विधेयक आउँदा पनि संघीय शिक्षा विधेयक होइन, विद्यालय शिक्षा विधेयकका रूपमा आउनु दु:खद् पक्ष हो । यही अनावश्यक ढिलाइले स्थानीय तहमा शिक्षकप्रति दबाब वा प्रभाव देखिए । विभिन्न कारणले शिक्षकहरू स्थानीय तह मातहत बस्न अस्वीकार गर्ने वातावरण बन्नु र शिक्षकहरूले जननिर्वाचित स्थानीय प्रतिनिधिहरूलाई अस्वीकार गर्नु अस्वाभाविक र अस्वीकार्य विषय हुन् । संविधानले किटान गरेको स्थानीय तहको अधिकारका विरुद्ध उभिनु अत्यन्तै गम्भीर विषय हो । यसतर्फ संघीयता र संविधान पक्षधर सबै शक्ति गम्भीर हुन जरूरी छ ।

विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकारको विषय हो । यसमा कसैको अतिक्रमण संविधानसम्मत हुँदैन । यसमा सबै पक्ष सिद्धान्त र व्यवहार दुवैमा प्रष्ट हुन जरूरी छ । यस्तो अवस्थामा यो विधेयकलाई विद्यालय शिक्षा विधेयक हैन, संघीय शिक्षा विधेयकका रूपमा परिमार्जन गर्नु उपयुक्त हुन्छ ।

पाँच वर्ष अगाडि नै तयार अवधारणा पत्रमा आधारित भएर विधेयक आएको छ । उक्त अवधारणापत्रमा संघीय शिक्षा ऐन भनिएको छ, तर विधेयक विद्यालय शिक्षा ऐनका रूपमा आउनु अर्को समस्या हो । एकातिर यो स्थानीय तहको अधिकार अतिक्रमण गर्दै आयो भने सँगै यसले संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी बाँड्यो जुन व्यवस्था संविधानप्रदत्त अधिकार सूचीको कार्य विस्तृतीकरणको विरुद्धमा छ ।

प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकमा कार्यविस्तृतीकरणको पुनरावलोकन गरी अधिकारलाई अझ बढी स्पष्ट पारिएको छ । यो काम प्रधानमन्त्री कार्यालयकै अगुवाइमा भइरहेको छ । सो कार्यले अन्तिम रूप लिन नपाउँदै विधेयक मार्फत अधिकार बाँडफाँटलाई एकप्रकारको धृष्टता मान्न सकिन्छ ।

अहिले विद्यालय शिक्षा विधेयक हैन, संघीय शिक्षा ऐनको खाँचो छ । संघीय शिक्षा ऐनका व्यवस्थाहरू संविधान, यसमा उल्लिखित अनुसूची र कार्यविस्तृतीकरणले तोकेभन्दा पर जान सक्दैन र हुँदैन भन्नेमा सचेत हुन जरूरी छ ।

विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकारको विषय हो । यसमा कसैको अतिक्रमण संविधानसम्मत हुँदैन । यसमा सबै पक्ष सिद्धान्त र व्यवहार दुवैमा प्रष्ट हुन जरूरी छ । यस्तो अवस्थामा यो विधेयकलाई विद्यालय शिक्षा विधेयक हैन, संघीय शिक्षा विधेयकका रूपमा परिमार्जन गर्नु उपयुक्त हुन्छ ।

संघ, प्रदेश र स्थानीय तहका लागि संविधान बमोजिम बाँडफाँट गरिएको अधिकारलाई कहींकतैबाट अतिक्रमण नहुने कुराको ग्यारेन्टी गर्नुपर्दछ । संविधानले परिकल्पना गरेको अनिवार्य र नि:शुल्क शिक्षाको प्रतिबद्धतालाई आत्मसात् गर्न जरूरी छ । मुलुकका दुईथरी शिक्षाको प्रचलन अन्त्य गर्ने दिशातर्फ ठोस कदम चाल्न जरूरी छ । यति कुरा यसै विधेयकको परिमार्जन मार्फत गर्न सकिन्छ ।

(साभार: अनलाइनखबर)

# वाद, बौद्धिक विचार र रूढिग्रस्त राजनीतिक चिन्तन

केशव खतिवडा

विचार मानव चेतनाबाट व्यक्त हुने अभिव्यक्ति हो । परिष्कृत हुँदै गएपछि यो अवधारणामा रूपान्तरण हुन्छ । अवधारणा चिन्तन प्रक्रियाको र विभिन्न विषयहरूको मानसिक प्रतिनिधित्वको पहिलो चरण हो । जुन चरणमा विविध पक्षको फरक छुट्याइन्छ र तुलना गरिन्छ ।

दुई वा दुईभन्दा बढी विचारबीचका तथ्यका आधारमा गरिने सम्बन्धको विश्लेषण नै चिन्तन हो । चिन्तनको मानसिक प्रक्रिया परिकल्पना हो । परिकल्पनाको परिष्कृत रूप सिद्धान्त हो । सापेक्षित रूपमा स्वतन्त्र तथ्य वा प्रमाणले सत्य भनी प्रमाणित गरेको परिकल्पना सिद्धान्त हो । वाद आफैंमा पूर्ण शब्द हैन, वाद प्रत्यय भएको हुँदा शब्दका पछाडि जोडिएर आउँछ र शब्दार्थमा व्यापक र विशेष परिवर्तन ल्याउँछ । जस्तै मार्क्सवाद, उदारवाद, राष्ट्रवाद, नारीवाद इत्यादि । कतिपय अवस्थामा सिद्धान्तले वादलाई जन्म दिन्छ भने कहिले वादले सिद्धान्तलाई जन्म दिन्छ । तसर्थ सिद्धान्तलाई जब बृहत् जीवनशैलीले अपनाउँछ, त्यो वादमा परिणत हुन्छ । सिद्धान्तको समग्रता, कुल योग तथा समष्टिगत स्वरूप नै वाद हो अर्थात् बृहत् जीवनशैलीले अपनाएको सिद्धान्त नै वाद हो ।

यसरी विचारदेखि वादसम्मको वैचारिक शृंखलामा सिद्धान्त र वादको भूमिका र चर्चा सर्वाधिक हुने गर्छ । मार्क्स र उनका सहलेखक एङ्गेल्सले प्रतिपादन गरेको सिद्धान्त वा विचारलाई अनुसरण गर्ने बृहत् जीवनशैली मार्क्सवाद हो ।

रोनाल्ड रेगन, मार्गरेट थ्याचर र अगस्तो पिनाचेले प्रयोगमा ल्याएको अर्थराजनीति र प्रशासनिक ढाँचा उदारवाद हो । नागरिकमा जाति, भाषा, धर्म, संस्कृति, इतिहास, परम्परा जस्ता साझा आस्थाको आधारमा जागृत हुने राष्ट्रप्रेम राष्ट्रवाद हो । नारीहरूको समाजमा सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक जस्तो महत्त्वपूर्ण क्षेत्रमा पहुँच हुनु पर्छ भन्ने सामूहिक विचार नारीवाद हो ।

सिद्धान्तले पूर्णता हासिल गर्नका लागि वादलाई जन्माउँछ भने वादले स्थायित्व हासिल गर्नका लागि सिद्धान्तको जगेर्ना गर्छ । यसरी वाद र सिद्धान्तका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यस दृष्टिकोणबाट वादलाई एउटा सिङ्गो संरचना मानिन्छ भने सिद्धान्तलाई वादको न्युक्लियस अंश । तर सिद्धान्त र वाद दुवैमा अधिक जडता रहेको हुन्छ । उनीहरू भाँचिन्छन् तर युग सापेक्ष नुहिँदैनन् । सिद्धान्त र वादले कोरेको लक्ष्मण रेखाभित्र चराचर जगत कैदी बन्नु पर्दछ । समाज विकासको कुनै कालखण्डमा सापेक्षित रूपमा सत्य जस्तो देखिएको सिद्धान्तलाई कट्टर सिद्धान्तवादीहरू निरपेक्ष रूपमा सत्य ठान्छन् । समयको परिवर्तन, नवप्रवर्धन र वैश्विक कारणले हुने परिवर्तनलाई वाद र सिद्धान्त दुवैले स्वीकार गर्दैनन् । बरु त्यस्ता शाश्वत परिवर्तनका पक्षधरलाई संशोधनवादी वा प्रतिक्रियावादीको बिल्ला भिराइदिन्छन् ।

एक्काइसौँ शताब्दीको नवप्रवर्तनको युगलाई अठारौँ शताब्दीको अविकसित युगले शासन गर्नुपर्छ भन्ने रूढिवादी मान्यता राख्छन् । इतिहासको गतिलाई रोक्ने दुष्प्रयास गर्छन् । उदाहरणका लागि द्वान्द्वात्मक ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र वर्ग संघर्षको कुल योगलाई मार्क्सवाद भनिन्छ । जुन सिद्धान्त आजभन्दा करिब १७५ वर्षअघि मार्क्सले प्रतिपादन गरेका थिए । त्यतिखेर समाज वाष्प युगमा थियो । आजको युगमा लगभग यो सिद्धान्तले काम गर्न छोडिसकेको छ । तर कम्युनिस्टहरू कम्युनिस्ट पार्टीको एक दलीय शासन प्रणाली, सामूहिक स्वामित्व, वर्ग सैर्ष, अन्तर्विरोध, विस्तारवादी र साम्राज्यवादी, सर्वहारा वर्गको अधिनायकत्व जस्ता मार्क्सवादरूपी विचारको कैदखानाको सिद्धान्तरूपी गोलघरमा कष्टकर विचार बोकेर अस्तित्व बचाउको लडाइँमा कमजोर योद्धाको भूमिका गरिरहेका छन् । कतिपय अवस्थामा विज्ञानका नियमहरू निरपेक्ष रूपमा शाश्वत सत्य छैनन् । जस्तै न्युटनको गुरुत्वाकर्षणको सिद्धान्त पृथ्वीमा लागू हुन्छ तर अन्तरिक्षमा लागू हुँदैन । तर विज्ञानको तुलनामा समाजशास्त्र गतिशील हुन्छ । किनभने मानव समाज तरल छ । आजको युग वैश्विक, नियन्त्रित बौद्धिक कृत्रिमता, डिजिटल अर्थतन्त्रको युग हो । जसको कारणले अर्थराजनीतिको क्षेत्रमा थुप्रै विश्व दृष्टिकोणहरूको विकास निरन्तर भइरहेको छ । तर विचारको कैदीरूपी वाद र गोलघररूपी सिद्धान्तका रूपमा हैन वर्तमान समाजको वस्तुगत विश्लेषण गर्दै यसलाई नागरिकको चाहना र राष्ट्रको आवश्यकता पूरा हुने गरी कसरी विश्व परिवेशमा प्रतिस्पर्धात्मक ढङ्गले विकास गर्न सकिन्छ भन्ने एजेन्डाका रूपमा छ । परिणाम स्वरूप आजको जटिल विश्व व्यवस्था प्रणाली भित्रका जटिलता र अन्तर्विरोधहरूको सामना गर्दै धेरै मुलुकले आफूलाई आर्थिक रूपमा कोर मुलुकका रूपमा स्थापित गर्न सफल भएका छन् भने प्राविधिक रूपमा अन्तरिक्षमाथि विजय हासिल गरेका छन् । किनकि इतिहास, भूगोल, समाजशास्त्र, विज्ञान तथा दर्शनशास्त्रसमेतको निरन्तर समृद्धिको खाँचो युग सापेक्ष भइरहन्छ ।

जगत् विचारको खुला युद्ध मैदान हो । विचारको हारजित हुने र विकास हुने स्थल हो । पुराना र असफल सिद्ध विचारलाई फेरेर जीवन र जगत्लाई विकास गर्ने सफल बनाउने साइको साइबरनेटिक्सको युगमा अमेरिका, जापान, स्विजरल्यान्डलगायत विश्वमा नमुनाको रूप र गतिमा विकास गरेका स्केन्डिनेभियाली भनिने नर्वे, स्वेडेन, डेनमार्क, आइसल्यान्ड जस्ता मुलुकले कुनै वाद र सिद्धान्तका आधारमा विकास गरेको हैन । राजनीतिक चिन्तनको जागरण, गतिशीलता, उच्च नैतिकता, सदाचारिता, दूरदृष्टि, उचित शासकीय प्रणाली, सहभागिता, समावेशिता, समुन्नत लोकतन्त्र इत्यादि जस्ता एजेन्डामा आधारित कार्यक्रमले गरेको हो । तर नेपालमा आफूलाई कथित कम्युनिस्ट मार्क्सवादी, समाजवादी, प्रजातान्त्रिक समाजवादी, राजावादी, नवशक्तिवादी भन्नेहरूसँग शब्दजालभन्दा बाहेक केही नभएको उनीहरूको प्रत्यक्ष परोक्ष तेत्तिसवर्षे शासनकालले पुष्टि गरिसकेको छ । किनभने उनीहरू कथित वाद र सिद्धान्तको मन्त्रोच्चारण र भक्तिभावभन्दा बाहिर गएर आधुनिक विश्व व्यवस्था प्रणालीलाई हेर्न, बुझ्न र समाहित हुन चाहँदैन । बरु समाप्त हुन चाहन्छन् । उनीहरू घरमा आफ्नो उचाइ अनुसारको ढोका राख्दैनन् । पूर्वनिर्धारित ढोकाको उचाइअनुसार आफू निहुरिन्छन् । शरीर अनुसारका लुगा सिउँदैनन् रेडिमेड लुगा अनुसार आफ्नो जिउ ठुलो वा सानो बनाउने जस्ता दुष्प्रयास गर्छन् । यसरी आफ्नो स्वतन्त्र विचार दृष्टिकोण र ज्ञानलाई पुरातन वाद र सिद्धान्तको नाममा बलि चढाउँछन् ।

विश्वका विकसित मुलुकले लोकतन्त्रको लोकतान्त्रिकीकरण गर्दै चौथो पुस्तकको उन्नत लोकतन्त्रको अभ्यास गरिरहँदा नेपाल भने भ्रष्टदलतन्त्र र गुटतन्त्रको दलदलमा फस्दै गएको छ । बसाइसराइले हिमाल र पहाड खाली भयो भने अवसरको खोजीले विदेश पलायनको कारणले तराई र बजार पनि खाली हुँदै गएका छन् । युवाहरूको पलायन बडो विरक्त लाग्दो छ ।

बेरोजगारका कारणले सामाजिक अपराधका घटना दिनहुँ बढिरहेका छन् । जति दु:ख गर्दा पनि जीवनयापन गर्न कठिन भएकाले सचेत नागरिकले आफ्नो प्राणभन्दा पनि प्यारा सन्तानलाई पनि छोडेर आत्महत्या गर्नेको संख्या बढ्दै गएको छ । तर अझ पनि वाद र सिद्धान्तको दुहाइ दिनेहरूमा खासै गाम्भिर्यता देखिँदैन । परिवर्तनको संवाहकका रूपमा रहेका सचेत युवा पनि तिनै असफलसिद्ध दलका लाचार कैदी बन्दै गएका छन् ।

युगको नेतृत्व गर्नुपर्ने युवा आफ्नो ज्ञानको आधारमा स्वतन्त्र विचार राख्ने हिम्मतसम्म गरेको समेत देखिँदैन । सायद यो पुराना दलको स्कुलिङ र शिक्षा प्रणालीको पनि दोष होला । भनिन्छ कुनै देशलाई समाप्त गर्नु छ भने, दास बनाउनु छ भने त्यो देशको शिक्षा प्रणालीलाई समाप्त गरिदिए पुग्छ । सायद विदेशी अनुदान र परामर्शदाताले तयार गरेको हाम्रो शैक्षिक पाठ्यक्रम त्यस्तै भएको भान हुन्छ । स्वाभाविक हो, हाम्रो असक्षमताको फाइदा अरूले उठाउँछ तर व्यवहार भने हाम्रो आफ्नो बिग्रन्छ ।

(साभार: अनलाइनखबर)

# बस्न त नेपालमै मन छ, थोरै कमाइ घरखर्चमै सकिन्छ



काठमाडौं/सुरुमा नयाँ पुस्ताका केही प्रतिनिधि युवाका कुरा सुनौं, जो आफ्नो जीविका उकास्न परदेशिए, फर्केर केही गर्न चाहन्छन्, तर हुने थोरै कमाइ पनि खर्च गर्दागर्दै सकिइहाल्छ । उनीहरूसँग बाध्यता हुन्छ- फेरि विदेश जाने ।

चार वर्ष बेल्जियम बसेर नेपाल फर्किएका मकवानपुरका सुदीप शर्माका कुरा सुन्दा यस्तै छनक पाइन्छ । सुदीपले नेपालमै कृषि उद्यम गर्ने सोच सहित २०७८ मा कृषि फार्म स्थापना गरे । बेल्जियममा बस्दा कमाएको रकममध्ये यूरोप जाँदा लागेको ऋण र सो मुलुकमा पढ्दा लागेको ऋण तिरेर बचेको केही र कम उनले उद्यमशीलतामा लगाउने सोच सहित नेपाल फर्किएका थिए । तर, उनी नेपाल फर्किएको केही समयमै आफूले कमाएर ल्याएको रकम सकिएको र कृषि फार्मबाट पनि सोचेजति आम्दानी हुन नसकेपछि उनले परिवारको सल्लाहमै कृषि फार्म बिक्री गरे । अब उनी पुन: विदेश जाने तयारीमा जुटेका छन् । मिले पुन: यूरोपमै जाने र नमिले खाडी मुलुक भए पनि जाने तयारीमा छन् ।

चार वर्ष ओमान बसेका दाङका बलराम वली तीन वर्षयता नेपालमा छन् । ओमानमा कमाएको पैसाले नेपालमा साहुको ऋण तिर्ने र त्यसमा थपथाप गरी पहाडको जग्गा बेचेर तराई भेगमा केही जग्गा लिए । सामान्य काठको घर बनाएर परिवारलाई तराईमा राखेका उनले नेपालमा सिकर्मी काम गर्न सुरु गरे । छोराहरूलाई पढाउँदै यो बीचमा सिन्धुपाल्चोकदेखि बझाङसम्म पुगेर काम गरेका उनलाई नेपालको कमाइले अब पुग्न छाड्यो । उनी पुन: विदेश जाने तयारीमा छन् । जुन देश मिल्यो, सोही देश जाने उनको योजना छ ।

गुल्मीका रेशम रेग्मी पाँच वर्ष ओमान बसेर नेपाल फर्किए । यो अवधिको कमाइले आफ्नो खर्च तिरेर कपिलवस्तुमा जग्गा किनेका उनले निर्वाहका लागि त्यहाँ सानो घर समेत बनाउन भ्याए । त्यसपछि उनले परिवारलाई समेत कपिलवस्तु झारेर कृषि कर्म सुरु गरे । थोरै जग्गाले एकातर्फ परिवारको आवश्यकता नपुग्ने र अर्कोतर्फ पुन: ऋण लाग्ने जस्तो अवस्था देखिएपछि उनी पुन: ओमान लागे । 'नेपालमै बसौं भनेर आँटेको हो, नसकिने रहेछ', उनले भने ।

विदेशिएपछि घरपरिवारमा भोगिने विछोडले जतिसुकै वेदना दिए पनि अन्तत: उन्नति नै हुनेछ भन्ने आशाले उनीहरू नेपाल बाहिर गए, अनि फर्के । कहिले लाहुरे बनेर मुगलान भासिने, कहिले अरू नै कामका लागि विदेशिनेमा नेपाली जाति पहिलेदेखि नै बानी परिसकेको छ ।

सन् १८१६ को सुगौली सन्धिपछि नेपालमा लाहुरे संस्कृतिको विकास भयो । भारतीय र ब्रिटिस लाहुरेमा जाने युवाका लागि सो सन्धिसँगै वैदेशिक रोजगारीको ढोका खुलेको भए पनि आधुनिक नेपालमा भने २०४६/४७ सालको राजनीतिक परिवर्तनसँगै वैदेशिक रोजगारीमा जाने अवसरहरू खुला हुन लागेका हुन् । त्यसयता लाखौं नेपाली वैदेशिक रोजगारीमा गएका छन् । जनगणना २०७८ को तथ्यांक अनुसार २१ लाख ६९ हजार ४७८ जना नेपाली अक्सर विदेशमा बस्ने सूचीमा छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० को एक वर्षको अवधिमा ७ लाख ७१ हजार ३२७ जना नेपाली विदेश पुगेका छन् । यो एक वर्षमा नेपाली विदेशिएको कीर्तिमानी संख्या हो । यो वर्ष १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २१.२ प्रतिशतले बढी हो ।

आव २०६७/६८ मा २ खर्ब ५५ करोड रुपैयाँ मात्र रेमिट्यान्स नेपाल भित्रिएको थियो । विश्व बैंकले गरेको एक अध्ययन अनुसार १० प्रतिशतले विप्रेषण बढ्दा ३.५ प्रतिशतले गरिबी घट्छ (स्रोत राष्ट्रिय योजना आयोग) । फिलिपिन्समा १० प्रतिशत विप्रेषण बढ्दा २.८ प्रतिशतले गरिबी घटेको समेत विश्व बैंकको अध्ययनले देखाएको छ ।

तर, नेपालमा भने अझै पनि १५.१ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको चपेटामा छन् । यो आर्थिक सर्वेक्षण २०७९/८० को तथ्यांक हो । यद्यपि आव २०७५/७६ को तुलनामा निरपेक्ष गरिबीको संख्या केही घट्दो क्रममा देखिएको छ । सो आवमा १८.७ प्रतिशत निरपेक्ष गरिबी रहेको आर्थिक सर्वेक्षणको तथ्यांकमा उल्लेख छ । यसले रेट्यिान्स उच्च गतिमा भित्रिंदा समेत गरिबी निवारण सोही गतिमा घट्न नसकेको देखाउँछ । यसो हुनुमा विप्रेषणबाट प्राप्त अधिकांश रकम उपभोगमै खर्च हुनु मुख्य कारण रहेको विभिन्न अध्ययनबाट देखिएको छ ।

अघिल्लो वर्ष वैदेशिक रोजगार नीति २०६८ को पुनरावलोकन बारे राष्ट्रिय योजना आयोगले गरेको एक अध्ययन प्रतिवेदनमा भनिएको छ– 'विप्रेषणबाट प्राप्त हुने ८० प्रतिशतभन्दा बढी रकम उपयोगमा खर्च गर्ने गरेको छ । पूँजी निर्माणमा करिब ३ प्रतिशत मात्र विप्रेषणको रकम प्रयोग हुने गरेको छ ।'

श्रम अर्थतन्त्रका जानकार डा. गणेश गुरुङ पछिल्लो समय उपभोगको रकम बचत र लगानीमा परिणत हुन थालेको बताउँछन् । 'वैदेशिक रोजगारीमा जाने युवाको पहिलो प्राथमिकता व्यक्ति र परिवारको जीवनस्तर उकास्नु नै हो, त्यसपछि उसको उद्देश्य बचत र लगानीमा हुन्छ' उनले भने, 'एकभन्दा बढी पटक वैदेशिक लगानीमा जाने युवा अब बचत र लगानीमा गइरहेका छन् ।'

आम नेपाली वैदेशिक रोजगारीमा जाने प्रचलन सुरु हुनुभन्दा अगाडि नेपालको गरिबी ४७ प्रतिशत भन्दा माथि रहेको भन्दै उनले वैदेशिक रोजगारी र रेमिट्यान्सले नेपालको गरिबी निवारणमा अभूतपूर्व योगदान रहेको बताए । 'युवाले मीठो खाने, राम्रो लगाउने, बालबच्चालाई गुणस्तरीय शिक्षा दिने उद्देश्य राखेर जन्मभूमि छोडेको हुन्छ' उनले भने, 'त्यो पाटोमा सुधार भएको छ, त्यसैलाई राज्य सञ्चालकहरूले उपभोगमा खर्च गर्यो भनेका हुन् ।'

युवाको आफ्नो उद्देश्य व्यक्तिकै जीवनस्तर उकास्ने भएकाले त्यसलाई मुलुकको विकाससँग कसरी लिंक गर्ने भन्ने विषय नीति-निर्मातासँग जोडिने उनी बताउँछन् । 'विदेश गएको युवाले घर-जग्गामा लगानी गरेको छ' उनी भन्छन्, 'तपाईं त्यसलाई अनुत्पादक भन्नुहुन्छ, त्यसो भए, युवाका लागि त्योभन्दा पनि उत्पादक अर्को क्षेत्रको बाटो देखाइदिनुस् न !' अर्थात् राज्यले अनुत्पादक भनेकै क्षेत्र पनि व्यक्तिका लागि उत्पादक हुने भन्दै डा. गुरुङले रेमिट्यान्सलाई मुलुकको विकासमा उपयोग गर्न नसक्नुमा भने नीति-निर्माताकै कमजोरी रहेको उनी बताउँछन् ।

खाडी र मलेशिया जाने युवाको लक्ष्य उद्योगपति विनोद चौधरीको जस्तै चाउचाउ उद्योग खोलौं भन्ने उद्देश्य नहुने भन्दै उनले विगतमा कोरिया र जापानका नागरिक समेत वैदेशिक रोजगारीमा जाने गरेको उनले बताए । आज पनि उनीहरू महँगो श्रममा विदेशमा काम गर्न जाने उनले जानकारी दिए । 'वैदेशिक रोजगारीले देशलाई फाइदा नै हुन्छ' उनले भने, 'बरु कसरी दक्ष कामदार बाहिर पठाउने, मुलुकमा सीप र पूँजी भित्र्याउने भन्नेमा चिन्तन आवश्यक छ ।'

राष्ट्रिय योजना आयोगले वैदेशिक रोजगार नीति २०६८ को पुनरावलोकनबारे गरेको अध्ययन प्रतिवेदन अनुसार नेपालीले वैदेशिक रोजगारमा जाँदा ऋण लिएर जाने हुँदा पहिलो प्राथमिकता सो ऋण तिर्नमा रेमिट्यान्सको रकम उपयोग हुन्छ । त्यसबाट बचत भएको र कम घरायसी खर्चका लागि उपयोग हुने गरेको छ । त्यसपछि पनि बचत भएमा मात्र घरजग्गा खरीदमा उपयोग हुन्छ । सोही कारण उनीहरूले पठाएको विप्रेषण उत्पादनमुखी भन्दा पनि उपभोगमुखी काममा खर्च हुने गरेको आयोगको विश्लेषण रहेको छ । विप्रेषणका कारण घरजग्गाको मूल्य अत्यधिक बढ्ने गरेको र यसले अर्थतन्त्रमा सकारात्मक भन्दा नकारात्मक असर समेत पार्ने विश्लेषण उक्त प्रतिवेदनको छ ।

वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको अध्ययन सम्बन्धी प्रतिवेदन २०७९ अनुसार वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये ३५ प्रतिशत हाराहारीले ५० हजारदेखि १ लाख रुपैयाँसम्म खर्च गरेपछि मात्र विदेश जान पाएका छन् । यो नमूना संकलन विधिबाट राष्ट्रिय योजना आयोगले गरेको अध्ययन प्रतिवेदन हो । ४० प्रतिशत युवाले १ देखि २ लाखसम्म खर्च गरेका छन् । २५ प्रतिशत युवाले २ लाखभन्दा बढी खर्च गरेका छन् । सोही कारण युवाको पहिलो वर्षको कमाइ ऋण तिर्नै खर्च हुने गरेको छ ।

यसो हुनुको कारण विदेशमा नेपाली कामदारको आम्दानी समेत तुलनात्मक रूपमा न्यून हुनु हो । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार नेपालबाट ५ प्रतिशत मात्र दक्ष जनशक्ति विदेश जान्छन् । ८५ प्रतिशत अदक्ष र १० प्रतिशत कामदार मात्र अर्धदक्ष अवस्थाका छन् । अदक्ष कामदारको सीप, क्षमता र दक्षता न्यून हुँदा उनीहरूले मर्यादित काम पाउने सम्भावना कम हुन्छ । यस्तो कामको मूल्य समेत कम हुन्छ ।

वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको अध्ययन सम्बन्धी प्रतिवेदन २०७९ अनुसार वैदेशिक रोजगारीबाट रकम प्राप्त भएपछि ४० प्रतिशत परिवारको आर्थिक अवस्थामा अपेक्षित सुधार हुन नसकेको देखिएको छ । यसो हुनुमा विदेशमा सोचे अनुसार कमाइ नभएर, चर्को ब्याजमा ऋण लिएर वैदेशिक रोजगारमा गएको र नेपालमा गरिबी बढेको विषयलाई आधार मानिएको छ ।

वैदेशिक रोजगारीबाट प्राप्त रकमको महत्वपूर्ण हिस्सा खाना, पोशाक, मनोरञ्जनमा खर्च हुने गरेको देखिन्छ । खाना/घर भाडामा ३५ प्रतिशत, कपडा/शृङ्गारमा २० प्रतिशत, शिक्षामा १५ प्रतिशत, स्वास्थ्यमा १० प्रतिशत र अन्य (चाडपर्व-घुमफिर)मा २० प्रतिशत खर्च हुने गरेको अध्ययनमा देखिएको छ ।

विदेशमा काम गरी नेपाल फर्किएका धेरैजसो युवाले कुनै न कुनै माध्यमबाट आफूहरू स्व-उद्यमी बन्न प्रयास गरेको देखिन्छ । तर, त्यसका लागि वातावरण नभएको उनीहरूको गुनासो छ । मकवानपुरका सुदीप शर्माले आफूले सुरु गरेको कृषि फार्मले आम्दानी भन्दा उल्टो ऋण लाग्ने अवस्था सिर्जना गरेको प्रतिक्रिया दिए ।

दाङका वलीले नेपालमा सुरु गरेको सिकर्मी कामले मासिक २५/३० हजार रुपैयाँसम्म आम्दानी हुने भए पनि नेपालको महँगो विद्यालय शिक्षा र महँगो दैनिकीले टिक्नै नसक्ने अवस्था आएको बताउँछन् । अर्कोतर्फ नेपालमा नियमित आम्दानीको अवसर प्राप्त नहुने र पटके र मौसमी कामले दैनिकी चलाउन मुस्किल पर्ने प्रतिक्रिया दिए । गुल्मीका रेग्मीले समेत कृषिमा सम्भावना छ भनेर काम थाले पनि बजार सुनिश्चित नहुने र घाटा लागे पुन: ऋणमा डुबिने जोखिमले नेपालमा बसेर केही गर्ने आशा मार्नु परेको बताए ।

**"अब युवालाई गाउमै टिकाउने जिम्मा स्थानीय सरकारको हो"**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारी पछिल्लो समय वैदेशिक रोजगारीमा गएर फर्कनेहरूमा बचत र लगानीको ट्रेण्ड बढ्ने क्रममा रहेको बताउँछन् । आफू स्थानीय स्तरको फिल्ड भिजिटमा जाँदा समेत यस्तो चाहना धेरै युवामा देखेको उनको भनाइ छ । तर, उत्पादन गरिसकेपछि बजारले उचित मूल्य नपाउने र परिश्रम खेर जाने जोखिमका कारण युवाले नेपालमा काम गर्नुभन्दा विदेश नै सुरक्षित ठानिरहेको उनको अनुभव छ ।

'म हालै पाँचथरमा पुगेको थिएँ, त्यहाँ विदेशबाट फर्किएका युवाको एक समूहले सहकारी नै गठन गरी अकबरे खुर्सानीको खेती गरेको पाएँ' उनले भने, 'तर त्यो खुर्सानीले बजार नपाएपछि उहाँहरू चिन्तित हुनुहुन्छ ।' सोही जिल्लामा अमेरिका पठाउने छुर्पी ११०० रुपैयाँ किलोमा खरीद हुने गरेको उदाहरण दिँदै उनले अमेरिकामा १७ हजार रुपैयाँ मूल्यमा किनबेच हुने गरेको बताए । 'कम्तीमा युवाले ५/६ हजार रुपैयाँ प्रतिकिलो मूल्य पाए पनि घरमै बस्न आकर्षित हुनेथिए नि' उनले भने, 'नेपालको बजारलाई बिचौलियाराजले कब्जा गरेको छ ।' अब युवालाई गाउँमा रोक्ने जिम्मा स्थानीय सरकारको रहेको उनको भनाइ छ ।

वर्षको ७०० अर्बको खाद्यान्न आयात हुने गरेको भन्दै यसलाई अब विदेशबाट सीप, जाँगर र राष्ट्रियताको भाव बोकेर फर्किएका युवालाई उपयोग गरी प्रतिस्थापन गर्न सकिने उनले बताए । कोषले अहिले वार्षिक १० हजार युवालाई विना धितो २ लाख रुपैयाँ बीउ पूँजी उपलब्ध गराउँदै आएको छ । यो ज्यादै न्यून भएको भन्दै अब स्थानीय सरकारहरूले युवालाई उद्यमशील बनाउन काम गर्नुपर्ने बेला आएको बताए ।

# 'कौसीद' गीतमा निराश भोलाराज



काठमाडौं/दशैंको छेको पारेर यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको कुमार भाष्करद्वारा निर्देशित फिल्म 'कौसीद'को पहिलो गीत सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक 'नझर्थेर आँशु' बोलको मार्मिक भावको गीतमा स्वर तथा संगीत बुद्ध लामाको छ भने शब्द रचना लक्ष्मण बानियाँको हो । गीतले आफ्नो पीडा भुलेर अरूको खुसीको लागि संघर्षरत एक शिक्षकको कथा व्यक्त गर्छ ।

फिल्ममा अभिनेता भोलाराज सापकोटा र अभिनेत्री ऋचा शर्माको मुख्य भूमिका छ । उनीहरु दाम्पतीको भूमिकामा छन् । ऋणको चपेटामा परेको एक दाम्पतीको कथामा आधारित भएर बनेको 'कौसीद'मा रुपेश दाहाल, परिक्षित विक्रम राणा, सदिक्षा गौतम, सन्दीप लोहनी, निर्भिक भट्टराईको पनि अभिनय छ । नवविजय प्रकाश श्रेष्ठ र धिर्जन थपलियाको फिल्ममा कथा लेखन रहेको छ ।

केदार भुसालको निर्माण रहेको फिल्मको कार्यकारी निर्मातामा दिमेश श्रेष्ठ र सह-निर्मातामा लक्ष्मण बानियाँ छन् । निसाल पौडेलले छायांकन गरेको फिल्ममा भिम विश्वकर्माको सम्पादन छ । बड पिक्चर्सको ब्यानरमा तयार भएको फिल्मलाई आरआर फिल्म्सले वितरण अधिकार लिएको छ । फिल्मको टिमले युट्युबमा गीत र ट्रेलर सार्वजनिक गर्नुबाहेक प्रचारमा उत्तिधेरै ध्यान दिएको छैन ।

# छायांकनमा कति छ चाप ?




काठमाडौं/साउनपछिको महिना फिल्म छायांकनका लागि राम्रो मानिन्छ । वर्षाको सम्भावना न्यून रहने र विस्तारै गर्मी कम हुँदै जाने भएकाले प्राय: निर्माता/निर्देशकले छायांकनका लागि भदौदेखिको महिना रोज्ने गरेका हुन्छन् । यसपटक पनि भदौदेखि छायांकनमा निस्कने फिल्मको चाप बढेको छ । यतिबेला आधा दर्जनभन्दा बढी फिल्म छायांकनमा छन् । दशैं-तिहारपछि थप वृद्धि हुनसक्ने देखिन्छ ।

भदौ अन्तिमबाट पोखरामा घनश्याम लामिछाने निर्देशित फिल्म 'चित्रा'को छायांकन भैरहेको छ । यो फिल्ममा अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सन्तोष अधिकारी लगायतको अभिनय छ । त्यस्तै, पोखरामै निर्देशक दीवाकर भट्टराईले पल शाह, दीपिका प्रसाईं, शुशिल सिटौला, समीम खानलाई मुख्य भूमिकामा लिएर फिल्म 'मायावी'को छायांकन गरिरहेका छन् ।

छायांकनरत फिल्मको सूचीमा 'कबड्डी' निर्देशक रामबाबु गुरुङको 'डिग्री माइला' पनि छ । करिब दुई हप्तादेखि ओखलढुङ्गास्थित रुम्जाटारमा फिल्मको छायांकन भैरहेको छ । पहिलो चरणको छायांकन पूरा गरेर फिल्मको टिम केही दिनमै काठमाडौं फर्किने तयारीमा छ । आगामी मंसिरमा दोस्रो चरणको छायांकन सुरु गरिने फिल्ममा दयाहाङ राई र आँचल शर्मा मुख्य भूमिकामा छन् ।

त्यस्तै, पूर्वको विभिन्न स्थानमा तीन हप्तादेखि फिल्म 'रङ्गेली'को छायांकन भैरहेको छ । अर्जुन सुवेदीले निर्देशन गरिरहेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा आदिको अभिनय छ । ज्ञानेन्द्र देउजा निर्देशित फिल्म 'उपहार'को पनि हाल काठमाडौंमा छायांकन चलिरहेको छ । रेखा थापा, बेनिशा हमाल र पूजा शर्माको मुख्य भूमिका रहेको फिल्मको छायांकन अन्तिम चरणमा छ ।

राजविराज क्षेत्रमा फिल्म 'अगस्त्य'को पनि छायांकन कार्य भैरहेको छ । फिल्मको छायांकन थालिएको ६० दिन बढी भैसकेको छ । फिल्म 'लार्ज स्केल'मा बनिरहेका कारण छायांकन लम्बिएको निर्देशक सौरभ चौधरीले बताएका छन् । उनी स्वयंको लेखन रहेको फिल्ममा सौगात मल्ल, मलिका महत, नाजिर हुसेनको अभिनय छ । 'अगस्त्य'लाई दुई श्रृंखलामा निर्माण गर्ने सौरभको योजना छ ।

अब छायांकनमा निस्कने तयारीमा सुयोग गुरुङको 'फर्की फर्की', प्रदीप भट्टराईको 'महाजात्रा', सन्तोष सेनको 'बलिदान, मुस्कान ढकालको 'पञ्चामृत', यम शेर्पाको 'कार्साङ', नवीन चौहानको 'ऊनको स्विटर', दीपकराज गिरी समुहको 'वडा नम्बर ६'को सिक्वेल, बसन्त निरौलाको 'ज्वाईं साब', विमलेश अधिकारीको 'ह्यापी डिभोर्स', जनकदीप पराजुलीको 'पापी मान्छे ३' आदि फिल्महरु छन् ।

# 'केजीएफ' निर्देशकसँग सहकार्य गर्दै एनटीआर



मुम्बई/एसएस राजामौलीद्वारा निर्देशित फिल्म 'आरआरआर'को सफलतापछि साउथ सुपरस्टार जूनियर एनटीआरको लोकप्रियता विश्वभर फैलिएको छ । उनको क्रेजलाई मध्यनजर गर्दै बलिउड मेकरहरुले समेत फिल्मको प्रस्ताव गरिरहेका छन् । यसबीच, 'केजीएफ' निर्देशक प्रशान्त नीलसँग उनले फिल्ममा सहकार्य गर्ने भएका छन् । एक्सन प्रधान फिल्मको छायांकन आगामी अप्रिलबाट हुनेछ ।

फिल्मको अस्थायी टाइटल 'एनटीआर ३१' राखिएको छ । प्रशान्तसँगको फिल्म एनटीआरको ३१औं हुनेछ । निर्माण कम्पनी माइथ्री मूभी मेकर्सले ट्विटरमार्फत् प्रशान्त र एनटीआरबीच फिल्ममा सहकार्य निश्चित भएको जानकारी गराएको हो । यो फिल्मले भारतीय सिनेमामा नयाँ 'बेञ्चमार्क' स्थापित गर्ने कम्पनीको विश्वास छ । माइथ्री र एनटीआर आर्ट्सको सहकार्यमा फिल्मको निर्माण हुनेछ ।

यो फिल्ममा बलिउड अभिनेता आमिर खान र अभिनेता प्रियंका चोपडाको पनि अभिनय रहने चर्चा छ । जूनियर एनटीआर अहिले आफ्नो ३०औं फिल्म 'देवारा'मा व्यस्त छन्, जुन आगामी अप्रिल ४ मा रिलिज हुँदैछ । त्यस्तै, प्रशान्तले प्रभासलाई लिएर बनाएको नयाँ फिल्म 'सालार' आगामी डिसेम्बर २२ मा रिलिज हुँदैछ । जूनियरसँगको फिल्मपछि उनी 'केजीएफ ३'को तयारीमा जुट्ने छन् ।

# शेयर धितो कर्जामा १२ करोडको सीमा बढ्यो, अब व्यक्तिलाई १५ र संस्थालाई २० करोड



काठमाडौं/नेपाल राष्ट्र बैंकले मार्जिन प्रकृतिको सेयर धितो कर्जाको सीमा बढाएको छ । हाल एक व्यक्ति वा संस्थाले यस्तो कर्जा १२ करोडसम्म मात्रै लिन पाउने व्यवस्था रहेकोमा त्यसलाई बढाइएको हो । अब व्यक्तिगत लगानीकर्ताले १५ करोड र संस्थागत लगानीकर्ताले २० करोडसम्म यस्तो कर्जा लिन सक्नेछन् ।

यस्तै राष्ट्र बैंकले कर्जाको नोक्सानी व्यवस्थामा पनि सहजीकरण गरेको छ । असल वर्गमा वर्गीकरण भएको कर्जामा १.३ प्रतिशत नोक्सानी व्यवस्था गर्नुपर्नेमा त्यसलाई संशोधन गर्दै १.२५ प्रतिशत गर्नुपर्ने व्यवस्था गरेको हो ।

बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशन २०७९ मा बिहीबार संशोधन गर्दै राष्ट्र बैंकले यी व्यवस्था गरेको हो । गत २ असोजमा भएको वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठकमा नेपाल राष्ट्र बैंक मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १२ करोडको सीमामा परिमार्जन गर्न तयार भएको थियो । सो दिन अर्थमन्त्री डा. प्रकाशकरण महतले नै भू-उपयोग नियमावली संशोधन मार्फत जग्गाको कित्ताकाट खुलाएको भन्दै अब सेयर बजारमा पनि तरलता सहजीकरण गर्नुपर्ने बताएका थिए । त्यसका लागि राष्ट्र बैंक लचिलो बन्नुपर्ने भन्दै अर्थमन्त्री महतले गभर्नर सेयर धितो कर्जामा पुनर्विचार गर्न आग्रह गरेका थिए ।

मार्जिन प्रकृतिको सेयर धितो कर्जामा १२ करोडको सीमाले अर्थतन्त्रमा कुनै फाइदा नभएकाले सकेसम्म कुनै सीमा नै नराख्न र राख्नै पर्ने भए १८-२० करोडको सीमा राख्न अनुरोध गरेका थिए ।

सो बैठकमा गभर्नर अधिकारीले पनि १२ करोडको सीमाले गर्दा नै आफैं सबैका तारो बनेको भन्दै त्यसमा संशोधन गर्ने बताएका थिए । '१२ करोडको सीमाले गर्दा सबैको गालीको पात्र बनेको छु । सीमा हटाएपछि गाली गर्ने पात्र पनि फेरिएला नि ?,' गभर्नरले त्यसबेला भनेका थिए । सोही दिनको सहमित अनुसारकै सर्कुलर राष्ट्रबैंकले सार्वजनिक गरेको हो । *(स्रोत: अनलाइनखबर)*

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगरपालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कको लागि**

महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं : ०५७-५९०१०३
अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# संसदमा बर्तौला र सापकोटाको जुहारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ प्रतिनिधिसभाको बिहीवारको बैठकमा एमाले र माओवादी सांसदको दोहोरी चलेको छ । १६ असोजमा प्रतिनिधिसभा बैठकमा बोलेका प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्माओलीको कुरालाई लिएर दुई सांसदबीच जुहारी नै चलेको हो ।

बिहीबारको बैठकमा एमाले संसदीय दलका सचेतक समेत रहेका मकवानपुरका सांसद महेशकुमार बर्तौलाले उनीभन्दा अगाडि बोलेका माओवादी केन्द्रका सांसद माधव सापकोटाले दिएको अभिव्यक्तिको खण्डन गरे । बर्तौलाले अध्यक्ष ओलीले यो देशका समस्या, ज्वलन्त मुद्दाहरु, जनताले भोगेका समस्यालाई विभिन्न कोणबाट राखेको बताए । बर्तौलाले भने- 'उहाँले केही समय लिएरै सिंगो देशलाई सदनमार्फत विषयवस्तुहरु अवगत गराउनुभयो । उहाँले बोलिसकेपश्चात कतिपय सत्तापक्षका माननीयज्यूहरुले असाध्यै रुखो टिप्पणी गर्नुभयो । अत्यन्तै तितो र नकारात्मक द्वेषपूर्ण, आग्रहपूर्ण टिप्पणीहरु गर्नुभयो । आज पनि त्यो दोहोऱ्याउनुभयो ।', उनले भने ।

महेशले थपे, 'सत्तापक्षका सांसदहरुले दुईदुई घण्टा बोल्ने, तथ्यहीन कुराहरु बोल्ने ? यसप्रकारले प्रश्नहरु सिर्जना गरेर जनतालाई एक प्रकारले ढाँटको खेतीतर्फ लानका लागि यो सदनको गरिमामय बैठकलाई त्यसप्रकारले दुरुपयोग गर्न खोजेको हो कि भन्ने हामीलाई भान भएको छ ।', सांसद बर्तौलाले अध्यक्ष ओलीले संसदमा तथ्यहीन कुरा, संविधान विरोधी कुरा के बताउनुभयो भन्दै प्रश्न गरे । ओलीले सरकारका कारणले गर्दा देश बरबादीतिर गइरहेको, सरकारका कारण देशमा आज साम्प्रदायिक द्वन्द्व भड्किएको, नेपालगञ्ज, धरानमा साम्प्रदायिक द्वन्द्व भड्कनुको कारण सरकार रहेको बताएको उल्लेख गरे ।

उनले भने- 'सरकारलाई खबरदारी गर्नुभयो यहाँबाट, सरकारलाई होसियारीपूर्वक काम गर्न सचेत गराउनुभयो । यो आग्रह प्रेरित हो ? यो तथ्यहीन हो ? आज सरकारले आज दिनदहाडै खुँडा प्रहार गरेर हिँड्ने आजीवन कारावासको सजाय भएका व्यक्तिलाई संविधान दिवसको दिन संविधानलाई च्यातेर आम माफी दिने काम गऱ्यो । यो तथ्यहीन कुरा हो ? आज विभिन्न समाजमा धार्मिक युद्ध गराएर मुलुकलाई अगाडि बढाउने प्रयत्न भइरहेको छ । सचेत गराउँदा यो कुरा बेठीक हो ?', सांसद बर्तौलाले महँगीले आकाश छोएको, डाक्टर कुटिएको, अराजकता मौलाएको, दण्डहीनता बढेका विषय उठाउनु तथ्यहीन हो भन्दै प्रश्न गरे ।

**सांसद माधव सापकोटाले के भनेका थिए ?**

सांसद बर्तौला भन्दा अगाडि बोलेका माओवादी केन्द्रका सांसद सापकोटाले प्रमुख प्रतिपक्षी दलका नेता ओलीले विस्तृत शान्ति सम्झौता विपरित र संविधानको मर्म विपरीत अभिव्यक्ति दिएको भन्दै आपत्ति प्रकट गरेका थिए ।

अघिल्लो बैठकमा ओलीले घण्टौं लामो भाषण गरे पनि देशमा भइरहेको अराजकतालाई रोक्नेबारे कुनै सम्बोधन नगरेको बताएका थिए । भाषणमा अराजकतालाई नियन्त्रण गर्ने सन्देश नआउने तर, विस्तृत शान्तिसम्झौता र संविधानको मर्म विपरितको अभिव्यक्ति आएको सापकोटाले बताएका थिए । उनले भनेका थिए, 'पूर्व प्रधानमन्त्री, प्रमुख प्रतिपक्षी दलका नेताले सदनमा घण्टौं लामो भाषण गर्नुभयो । एकपटक उहाँले अध्यक्षता गरेकै केन्द्रीय समितिको बैठकमा बसेर काम गरेँ, उहाँप्रति सम्मान छ, उहाँ मेरो नेता हो । तर, उहाँले बोलेका केही कुराहरु निकै गम्भीर छन् । उहाँलाई २०६३ साल मङ्सिर १५ गते माओवादी र सरकारबीच भएको विस्तृत शान्ति सम्झौतालाई सम्झाउन चाहन्छु ।',

सांसद सापकोटाले विस्तृत शान्तिसम्झौतामा सरकार र माओवादीबीच द्वन्द्व अन्त्य गर्दै संविधानसभाद्वारा संविधान जारी गर्ने विषयमा भएको सम्झौतालाई स्मरण गराउँदै सो विषय सजिलै भुल्न मिल्छ ? भन्दै प्रश्न गरे । वेटिङ गर्भमेन्टको रुपमा प्रमुख प्रतिपक्ष दल रहेको र वेटिङ प्रधानमन्त्रीको रुपमा प्रमुख प्रतिपक्षी दलको नेताले विस्तृत शान्तिसम्झौताको विपरित अभिव्यक्ति दिएर हिजो युद्धमा गएका सबै घाइतेहरुले शरीरमा गोली बोकेर सडकमा आन्दोलन गर भन्न खोजेको हो ? भन्दै प्रश्न गरेका थिए ।

उनले २०७५ साल जेठ ३ गते तत्कालीन नेकपा पार्टीले निर्वाचन आयोगलाई बुझाएको राजनीतिक प्रतिवेदनमा माओवादी केन्द्रले थालेको जनयुद्धले दिएको उपलब्धि उल्लेख गरिएको बताउँदै प्रमुख प्रतिपक्षी दलका नेताले बोलेका कुराहरु औपचारिक संस्थागत रुपमा व्यवस्था गरिएका कुराहरुको विपरित छ कि छैन ? भन्दै प्रश्न गरेका थिए । साथै, उनले ओलीले दिएको अभिव्यक्ति गम्भीर प्रकृतिको रहेको बताउँदै प्रमुख प्रतिपक्षी दलले त्यसबारेमा पुनर्विचार गर्नुपर्नेमा जोड दिएका थिए । मंगलवार बसेको प्रतिनिधिसभाको बैठकमा ओलीले २ घण्टा लामो सम्बोधन गर्दै सरकारको आलोचना गरेका थिए ।

# आफ्नै नयाँ भवनमा हेटौंडा-१२ नम्बर वडा कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ भाडाको घरमा रहेर जनतालाई सेवा दिँदै आएको १२ नम्बर वडा कार्यालय नयाँ भवनमा सरेको छ । हेटौंडा उपमहानगरपालिकाले एक बर्ष अघि ठेक्कामार्फत निर्माण थालेको भवनको बिहीवार उद्घाटन गरेसँगै वडा कार्यालयले आफ्नै भवनबाट सेवा सुरु गरेको हो ।

भवनको हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । नवनिर्मित कार्यालयको उद्घाटन गर्दै नगरप्रमुख लामाले भवनसँगै जनतालाई दिने सेवामा समस्या नबनाउँन आग्रह गरीन् । उनले उपमहानरमा भवन निर्माण हुन बाँकी वडाहरुमा पनि भवन निर्माणका लागि बजेट बिनियोजन भएको बताइन् । बिस्तारै नगरका सबै वडाहरु आफ्नै भवनबाट सुबिधा दिने अवस्थामा पुग्ने उनको भनाई थियो । उपमहानगरभित्र रहेका जनतालाई सहज सुविधा प्रदान गर्न उपमहानगर लागि पर्ने प्रतिबद्धता जनाइन् ।

पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले उपलब्ध गराएको २ कठ्ठा जग्गामा भवन निर्माण गरिएका हो । उपमहानगरपालिकाको ७० लाख रुपैयाँको लागतमा भवन निर्माण गरिएको १२ नम्बर वडा कार्यालयका सचिव रामलाल थिङले बताए । कार्यक्रममा १२ नम्बर वडाका सदस्य रुक्मिनी गोङ्बा, उपमहानगरपालिका सहरी तथा पूर्वाधार महाशाखाका प्रमुख सत्यनारायण साह, सूनौलो टोल विकास संस्थाका अध्यक्ष महानन्द सापकोटा, पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष टोलप्रसाद दंगाललगायतले मन्तव्य राखेका थिए । कार्यक्रम १२ नम्बर वडाका कार्यवाहक अध्यक्ष ज्ञानबहादुर श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

# मकवानपुरमा पछिल्लो २४ घण्टामा ३ जनालाई डेंगू संक्रमण

हेटौंडा, १८ असोज/ मकवानपुरमा पछिल्लो २४ घण्टाभित्र अर्थात् बिहीवार दिउँसोसम्मको तथ्यांक अनुसार ३ जना नयाँ डेंगू संक्रमित फेला परेका छन् ।

जिल्लामा बिहीबार थप ३ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ५६९ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । बिहीबार जिल्लाको हेटौंडा उपमहानगर पालिकाका २ जना र बागमती गाउँपालिकाका १ जनामा डेंगू संक्रमण पुष्टि भएको हो ।


## रेष्टुरेन्ट र वास सेन्टर बिक्रीमा

हेटौंडा-५ सानोपोखरा गणेश मन्दिर नजिक चालु अबस्थामा रहेको रेष्टुरेन्ट र वास सेन्टर सुपथ मुल्यमा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क गर्नुहोला ।

*(आवश्यक परेमा टुक्रा जग्गासँग सट्टापट्टा पनि गरिनेछ )*

**सम्पर्क** :-

**९८५५०३०१२४, ९८२९२९२७२६**


# मकवानपुरे गायिका सर्मिलाको 'गुनासो' बजारमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ मकवानपुरे लोकदोहोरी गायिका सर्मिला सुवेदीको स्वर रहेको दोहोरी गीत 'गुनासो' बजारमा आएको छ । मिलन फिल्मस प्रालिको प्रस्तुती रहेको गीत मिलन फिल्मस प्रोडक्सन युट्युवमार्फत १७ असोज, बुधबार सार्वजनिक भएको हो ।

'गुनासो' मा सर्मिलासँगै गायक जयराम हुमागाईंको स्वर छ । गीतमा शब्द सीता दुलालको छ भने एजेन्जरमा आरके मिलन रहेका छन् । दोहोरी गीत 'गुनासो' मा सौगात पनेरु र कृति वाग्लेले मोडि्लङ गरेका छन् । लोकगीत 'गुनासो' सहित नवोदित गायिका सर्मिलाको रेडर्केड गीतको संख्या ६ पुगेको छ । मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ३, हाँडीखोला, पाल्दमार की सर्मिलाको पहिलो गीत 'मोहनी माया' हो । हिम सम्झौता डिजिटलमार्फत विस २०७८ मा सार्वजनिक भएको यो गीत उनले इश्वर बराइलीसँग गायकी हुन् ।

'मोहनी माया' गीतमा स्वर दिएपछि नै प्राप्त भएका प्रतिकृयाले लोकगायनमा लाग्न आफूलाई हौसला मिलेको उनी बताउँछिन् । पहिलो गीत रेकर्ड गर्ने अवसर एउटा दोहोरी कार्यक्रममार्फत सर्मिलालाई गायक बराइलीले दिलाएका हुन । 'पहिलो गीत रेकर्ड भएपछि साथीभाई, आफन्त तथा गीतसंगीत क्षेत्रमा लागेकाहरुले दिएको प्रतिक्रियाले मलाई अझै उत्साहित बनायो ।' गायिक सर्मिला भन्छिन, 'यही उत्साह र मेरो रुचीका कारण हालसम्म ६ वटा गीत रेकर्ड भएका छन् ।'

भर्खरै सार्वजनिक 'गुनासो' र पहिलो गीत 'मोहनी माया' बाहेक सर्मिलाले स्वर दिएका अन्य गीत पनि उत्तिक्कै रुचाइएका छन् । उनी र गायक जयराम हुमागाईंको स्वर रहेको 'त्रिशुली तरी' पनि स्रोता, दर्शकले मन पराएको गीत हो । टिकटकमा उनको यो गीतले राम्रै चर्चा पायो । यस्तै, मेरो माया अल्लारे, ए निष्ठुरी र हितैको मायाले बोलको गीत उनले गाइसकेकी छिन् ।

# टंयाकरको ठक्करले पराजुली गम्भीर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ मनहरी गाउँपालिका-८ ज्यामिरेमा बिहीबार साँझ ट्याङकरको ठक्करबाट एक जना गम्भीर घाइते भएका छन् । घाइते हुनेमा पैदलयात्री मनहरी गाउँपालिका-७ बस्ने ५२ बर्षीय बिष्णुहरि पराजुली रहेका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको बागमती प्रदेश ०६-००१ ख ०१२० नम्बरको ट्याङकरले बाटोक्रस गर्दै गरेको पराजुलीलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार ट्याङकरको ठक्करबाट पराजुलीको टाउको, खुट्टा र हात चोटमा गम्भीर चोट लागेको छ । उनको उद्दार गरी मनहरी अस्पतालमा लगिएकोमा उपचार सम्भव नभएपछि चितवनतर्फ रिफर गरीएको प्रहरीले जनाएको छ । ठक्कर दिने ट्याङकर र ट्याङकर चालक प्रहरीको नियन्त्रणमा रहेको छ ।

## राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

## करारमा सेवा लिने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०६।१९गते)*

यस गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ६ उपदफा ७ अनुसार गाउँपालिका अन्तर्गतको नगर प्रहरीको देहाय बमोजिमका विभिन्न रिक्त पदहरुमा सेवा करारमा लिनुपर्ने भएकोले नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, शसस्त्र वा जनपदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएका रतोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुले यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा दरखास्त दिनुहुन यस सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयको वेवसाइट www.raksirangmun.gov.npबाट निशुल्क उपलब्ध हुनेछ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०६/०८०/८१ | नगर प्रहरी सहायक निरीक्षक | १ जना | रु. ५०० | |
| २ | ०७/०८०/८१ | नगर प्रहरी हवल्दार | १ जना | रु. ४०० | |
| ३ | ०८/०८०/८१ | नगर प्रहरी जवान | ५ जना | रु. ३०० | पुरुष ३ जना महिला २ जना |

**आवश्यक न्यूनतम योग्यता**

**१. नगर प्रहरी सहायक निरिक्षक पदको लागि आवश्यक योग्यता**
- सूचना प्रकाशित भएको मितिसम्ममा १८ बर्ष उमेर पुरा भई४० बर्ष ननाघेको ।
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रमाणपत्र तह वा सो सरह परिक्षा उत्तीर्ण ।
- नैतिक पतन देखिने कुनैपनि फौजदारि कसुरमा कसुरदार नठहरिएको ।
- शरीरको उचाई महिलाको लागि कम्तिमा ५ फिट र पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च भएको ।
- पुरुषहरुको छातिको नाप फुलाउँदा कम्तीमा ३३ ईन्च र नफुलाउँदा कम्तीमा ३१ ईन्च भएको
- आँखा माईनस वा प्लस २ भन्दा कमजोर नभएको ।
- मान्यपाप्राप्त संस्थाको अनुमतिप्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
- नेपाल सरकार वा विदेशी सरकारको जंगी, शसस्त्र वा जनपदबाट प्रहरी सहायक निरीक्षक वा सो सरहको पदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएको ।
- प्रहरी सहायक निरीक्षक पदको लागि योग्यता पुगेको, प्रहरी हवल्दार, जवान वा सो सरहको पदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएको ।

**२. नगर प्रहरी हवल्दार र जवानको लागि आवश्यक योग्यता**
- सूचना प्रकाशित भएको मितिसम्ममा १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।
- जवानको लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा वा सो सरह परिक्षा उत्तीर्ण र हवल्दारको लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका परिक्षा/एसएलसि वा सो सरह परिक्षा उत्तीर्ण ।
- नैतिक पतन देखिने कुनैपनि फौजदारि कसुरमा कसुरदार नठहरिएको ।
- शरीरको उचाई महिलाको लागि कम्तिमा ५ फिट र पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च भएको ।
- पुरुषहरुको छातिको नाप फुलाउँदा कम्तीमा ३३ ईन्च र नफुलाउँदा कम्तीमा ३१ ईन्च भएको
- आँखा माईनस वा प्लस २ भन्दा कमजोर नभएको ।
- मान्यपाप्राप्त संस्थाको अनुमतिप्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
- नेपाल सरकार वा विदेशी सरकारको जंगी, शसस्त्र वा जनपदबाट प्रहरी हवल्दार वा सो सरहको पदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएको ।
- नगर प्रहरी हवल्दार पदको लागि योग्यता पुगेको, प्रहरी जवान वा सो सरहको पदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएको ।

३. लिखित, शारिरिक तन्दुरुस्ती र अन्तर्वार्ता ।
४. परिक्षा सम्बन्धि समय तालिका पछि प्रकाशन गरिनेछ ।
५. दरखास्त पेश गर्ने अन्तिम मिति २०८०।०७।०३ गते कार्यालय समयभित्र मात्र रहनेछ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन ।
६. नगर प्रहरी सेवा सम्बन्धि कार्यक्षेत्रगत शर्त अनुसार कार्य गर्नुपर्नेछ ।
७. सेवा सुविधा सम्बन्धी तथा अन्य विवरण गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।
८. दरखास्त साथमा नागरिकता प्रमाणपत्रको छायाँकपि, शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँकपि, रकम जम्मा गरेको रसिद वा निस्सा भौचर रयसअघि नेपाल सरकार वा विदेशी सरकारको जंगी, शसस्त्र वा जनपदमा काम गरेको अनुभवको प्रमाण समेत अनिवार्य रुपमा स्वयम् ले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
९. थप जानकारीका लागि यस कार्यालय तथा सम्पर्क नं ९८५५०७६६४१ मा सम्पर्क गर्न सकिनेछ ।
१०. उपरोक्त बमोजिमको करार सेवा कुनैपनि समय कारण खुलाई वा नखुलाई रद्ध गर्न सक्ने अधिकार गाउँपालिकामा रहने छ ।

## थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

## दामन रिसोर्ट ठेक्काबाट सञ्चालन सम्बन्धी ७ दिने बोलपत्र आव्हानको सूचना

*दोस्रो पटक प्रकाशित मिति:२०८०/०६/१८*

थाहा नगरपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ९ तथा पर्यटकीय स्थल,पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधी, २०७९मा व्यवस्था भए बमोजिम आ.व.२०८०/०८१ देखि २० वर्षको लागि दामन भ्युटावर समेत एकमुष्ठ बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति वा संस्थाले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानकारी गरिएको छ

**शर्तहरु:**

१. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ प्रतिशत(पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि बिकास बैंकको धरौटी खाता नं.०५०८४०११५५७३८०३०मा जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नुपर्नेछ, साथै टेण्डर फाराम दस्तुर वापरको रु.१००० कृषि बिकास बैंकमा रहेको कार्यालयको आन्तरिक आय खातानं.०५०८४०११५५७३८१२१मा रकम जम्मा गरि खरिद गर्न सकिने छ ।
२. बोलपत्रमा आफुले कबुल गरेको अंक र अक्षर दुवै स्पष्ट रुपले उल्लेख गर्नुपर्ने छ ,केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
३. टेण्डर दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुने छ ।
४. बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा होटल,फर्म दर्ता भई आ.व.२०७८/७९को कर चुक्ता भएको हुनु पर्ने छ र ,फर्म नवीकरण भएको पेश गर्ने होटल फर्म नवीकरण भएको प्रमाणित प्रतिलिपी स्थानिय फर्मको हकमा व्यवसाय करको प्रमाणपत्रको प्रतिलिपी मूल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य संलग्न हुनुपर्ने छ, साथै बोलदाताको नागरिकता प्रमाणपत्र, एकिकृत सम्पत्ति कर तथा अन्य व्यवसाय भए सो को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
५. म्याद नाघि आएको वा रित नपुगेको वा कुनै शर्त राखि पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।
६. ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुने र दुबै पक्षलाई मान्य हुने छ ।
७. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात)दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ ।
८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन, नियम र कानून बमोजिम हुने छ ।
९. निम्नानुसार किस्ता बुझाउने गरि सम्झौता गरिने छ ।
   क. सम्झौता गर्दाका बखत - १०%
   ख. पहिलो ५ वर्षमा प्रति वर्ष ३% का दरले - १५%
   ग. दोस्रो ५वर्ष प्रति वर्ष ४%का दरले- २०%
   घ. तेस्रो ५वर्ष प्रति वर्ष ४%का दरले - २०%
   ङ. चौथो ५वर्ष प्रति वर्ष ४%का दरले - २०%
   च. पाँचौ ५वर्ष प्रति वर्ष ३%का दरले - १५%
१०. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाह, छुट हर्जना, सहुलियत माग गर्न पाउने छैन ।
११. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७(सात)दिन भित्र कबुलियत गरी चलन पुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरी नियमानुसार घटिवाला सँग ठेक्का सम्झौता गर्न सकिने छ ।
१२. नगरपालिकाको कुनै प्रकारको बाँकी बक्यौता रहेको व्यक्ति वा फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन ।
१३. जमानत पत्र पेश गर्ने बोलपत्रदाताले प्रत्येक आर्थिक वर्षको जेठ मशान्त भित्र पुन: एक वर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ । प्रत्येक आ.व.को जेठ मशान्त भित्र बैंक जमानत पत्र पेश नगरे तपाई सँग भएको ठेक्का सम्झौता स्वत: भंग भएको मानी पुन: ठेक्काबन्दोबस्त गर्न सूचना प्रकाशित गरिने छ ।
१४. तोकिएको शर्त पालना नभएमा,नियमविपरित कुनै कार्य गरेमा वा परिस्थितिजन्य कारणबाट ठेक्का तोड्नुपर्ने भएमा नगरपालिकाले कम्तिमा ७दिनको सूचना दिनेछ । सूचना अनुरुप दायित्व जिम्मेवारी राफसाफ गरि तोकिएको म्याद भित्र स्थल खाली गरिदिनु पर्ने छ ।
१९. हाल कायम रहेको संरचना मर्मत गरि सञ्चालन गर्न चाहेमा सञ्चालनकर्ताले आफ्नै खर्चमा व्यवस्थित गर्न सक्नेछ ।
१५. लिज स्थलमा नयाँ संरचना निर्माण गरि व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाले तोकिएको नक्शा डिजाईन अनुरुप गर्नुपर्ने छ । व्यवसायीले आृनो डिजाईन अनुरुप संरचना निर्माण गर्न चाहेमा प्रचलित नक्शा डिजाईन नगरपालिकाबाट स्वीकृत गरी अनुमति लिएर मात्र गर्नुपर्नेछ ।
१६. हालको संरचना सामान्य हेरफेर गरि व्यबस्थित गर्न सकिने छ तर भ्यूटावरलाई पुन:निर्माण गरबा संरचना भत्काएर नयाँ निर्माण गर्न पाईने छैन। यस्तो गर्दा लिज क्षेत्रबाट भत्काई सामाग्री बाहिर लान पाईने छैन ।
१७. सडक विस्तार लगायत जुनसुकै कारणबाट निर्मित संरचना भत्काउनुपर्ने भएमा लिजकर्ताले कुनै दावी गर्न पाउने छैन ।
१८. पार्किङक्षेत्र व्यवस्थापन सम्बन्धी कार्य लिजकर्ता स्वयंमले गर्नु पर्नेछ ।
१९. लिजको म्याद समाप्त भैसकेपछि वा लिजकर्ताले निर्माण गरेका संरचनाको स्वामित्व स्वत: नगरपालिकाको हुने छ । सो वापत नगरपालिकाले भुक्तानी गर्नु पर्ने गरी कुनै आर्थिक दायित्व सिर्जना हुने छैन ।
२०. नगरपालिकाले तोकेको बाहेकको व्यवसाय गर्न नपाईनुका साथै Sub–Leaseमा दिन पाईने छैन ।
२१. पार्किङ, विद्युत र पानी लगायतका सुविधाको सन्दर्भमा नगरपालिकाले आवश्यक समन्वय गर्ने छ ।
२२. रिसोर्ट सुरक्षाको लागि मूलगेटमा पालेको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंयमले नै गर्नु पर्ने छ ।
२३. नियमानुसार तिर्नु पर्ने सबै किसिमको करहरु ठेकेदारले स्वयमले नै सम्बन्धित निकायमा तिर्नु पर्ने छ ।
२४. कुनै विवाद वा अस्पष्टता भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

**तपशिल:**

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्काको अबधी | न्युनत्तम अंक | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| २-२०८०-८१ | दामन रिसोर्ट तथा भ्युटावर सञ्चालन | २०वर्ष | १ करोड | ५००० |

## राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर

## करारमा सेवा लिने सम्बन्धी सूचना

*तेस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०६/१९ गते*

यस गाउँपालिकाको लागि निम्न उल्लेखित रिक्त पदमा कर्मचारी करार सेवामा राख्नुपर्ने भएकाले तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले तोकिएको ढाँचामा फाराम भरी आफ्नो व्यक्तिगत विवरण सहित आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको एक-एक प्रति छायाँकपि संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ (हात)दिन भित्र यस कार्यालयमा राजश्व तिरेको रसिद वा बैंक भौचर सहित कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस कार्यालयको वेबसाईट www.raksirangmun.gov.np मा निशुल्क उपलब्ध हुनेछ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | दरखास्त दस्तुर | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८०/८१ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौं | १ | १०००/ | सीप परीक्षण/अन्तर्वार्ता |

१. **आवश्यक न्युनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट BIT, BEEC, Bsc.CSIT, BTEC, BCA, BIM वा सो सरह उत्तीर्ण ।
२. **उमेरको हद** : पुरुष उम्मेदवारको लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको महिला उम्मेदवारको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
३. **तलब/सुविधा:** नेपाल सरकारको प्रचलित कानुन अनुसार सम्बन्धित पद/तहको लागी तोकिए बमोजिम तलब उपलब्ध हुनेछ भने अन्य सेवा सुविधा कार्यालयको निर्णयानुसार करार सम्झौतामा उल्लेख गरिएबमोजिम प्रदान गरिनेछ ।
४. **दरखास्त दिने अन्तिम मिति:** २०८०।०६।२५ गते कार्यालय समयभित्र । रित नपुगी तथा म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।
५. **सम्पर्क मिति** : म्याद सकिएको भोलि पल्ट ।
६. **कार्यक्षेत्र** : गाउँ कार्यपालिकाको कार्यालय ।
७. परीक्षा मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ ।
८. थप जानकारीका लागि यस कार्यालयमा वा सम्पर्क नं ९८५५०७६६४१ मा सम्पर्क गरी लिन सकिनेछ ।
९. उपरोक्त बमोजिमको करार सेवा कुनैपनि समय कारण खुलाई वा नखुलाई रद्ध गर्न सक्ने अधिकार गाउँपालिकामा रहने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना